मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

**पूर्वमन्त्री आलमलाई जन्मकैद**
समाचार पृष्ठ २ मा



वर्ष २ | अंक १५६ | २०८१ साल वैशाख १४ गते शुक्रबार | Friday 26, April 2024 | सूर्योदयः बिहान ५:३३ बजे | सूर्यास्तः साँझ ६:३४ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# आगलागीबारे बेखबर प्रदेश सरकार, छैन कुनै राहत

## सिडिओ कार्यालयको लगत कुर्दैछौँ



सिडिओको नेतृत्वमा हुने जिल्ला विपद् व्यवस्थापन समितिले आगलागीको लगत संकलन गरेर राहतका लागि लेखिपठाएपछि हामी मन्त्रिपरिषद्मा छलफल गरेर राहतको कार्यक्रम घोषणा गर्ने छौँ । प्रदेश सरकारमा आगलागी पीडितका लागि तत्काल त्यस्तो राहत कार्यक्रम हामीसँग छैन । प्रदेश सरकारले सहयोग र समन्वय गर्ने विषयमा छलफलका लागि हामीलाई लगत जरुरी हुनेछ । तत्कालका लागि टेन्ट व्यवस्था गरेर पीडितलाई मदत गर्न निर्देशन चैँ दिएका छौँ ।

*–राजकुमार लेखी,*
*मन्त्री, गृह, सञ्चार तथा कानून मन्त्रालय, मधेश प्रदेश*

## तथ्यांक संकलनमै छौँ



अहिलेसम्म विभिन्न जिल्लाको तथ्यांक संकलन गरिरहेका छौँ । भ्याएसम्म नजिकका युनिटहरु आगलागी नियन्त्रणका लागि पठाएका छौँ । मानवीय क्षतिको रिपोर्ट त आएको छैन । घाइते भएकासम्म तथ्यांकहरु युनिटहरुले पठाएका छन् । आगलागी नियन्त्रणका लागि सचेतना कार्यक्रमहरु भए पनि विविध कारण बस्तीमा आगलागी भइरहेको पाएका छौँ । आगलागीपछिको उद्धारमा प्रहरी घटनास्थल पठाएका छौँ । एकमुष्ट तथ्यांक आइसकेको छैन, हरेक दिन आगलागी भइरहेको सूचना आइरहेका छन् ।

*–सुवास बोहोरा*
*प्रवक्ता, मधेश प्रदेश प्रहरी*

## अर्काको देशमा आगलागी भएको हो र ?



'यो आगो निभाउन कुनै दलको युवा दस्ता, स्काउट, युवा मोर्चा, राज्यको सुरक्षाकर्मी, पूर्व सुरक्षाकर्मी कोही पुगे कि पुगेनन् ? आगलागीमाथि राज्य र दलको ध्यान हेर्दा यो घटना अर्काको देशमा भएको जस्तो छ है ?'

*–डा. राजेश अहिराज,*
*पूर्व प्रदेश प्रमुख, मधेश प्रदेश*

**मधेशदृष्टि**
**वीरगंज ।**
यो हप्ताको पाँच दिनमा मधेशका विभिन्न जिल्लामा आगलागीका घटनाहरुको दृश्यहरु विदारक छन् । तस्बिरले पनि आँशु झार्ने अवस्था छ । कैयौँ घरबारविहीन भएका छन् । मधेश प्रदेश प्रहरी प्रवक्ता प्रहरी उपरीक्षक सुवास बोहोरा भन्छन्, 'अहिलेसम्म मानवीय क्षति खबर आएको छैन, तर बस्तीहरु धेरै सखाप भएकाले तथ्यांक संकलन गरिरहेका छौँ ।'

प्रहरीले यसो भनिरहँदा मधेश प्रदेश सरकार भने आफ्ना जनताहरु दिनहुँ आगोले उठिबास हुँदा पनि बेखबर बनेर बसेको छ । जनकपुरमा चिसो एसीमा बसेर आर्थिक वर्षको दुई महिनामा बजेट कहाँ कसरी सिध्याउने भनेर व्यस्त देखिएको मधेश प्रदेश सरकारले अहिलेसम्म आगलागीपीडितका लागि एक शब्द पनि खर्चेको छैन । आफ्ना सैयौँ जनता घरबारविहीन हुँदा मधेशका एक जना मन्त्री पनि राहत बोकेर पीडित बस्तीमा पुगेका छैनन् । मधेश प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री राजकुमार लेखीको कुरा पत्याउने हो भने आगलागी पीडितको तथ्यांक संकलन गर्न जिल्लामा सिडियोको नेतृत्वमा रहने जिल्ला विपद् व्यवस्थापन समिति सक्रिय छ । उसले लगत संकलन गरेर राहतका लागि माग गरेपछि सरकारले निर्णय गरेर राहत दिनेबारे सोच्ने छ । अहिले यो प्रदेश सरकारको सरोकारको विषय नै नदेखिएको र सिडिओ कार्यालय देखाएर प्रदेश सरकार उम्केको छ ।

मधेशका जिल्लाहरुमा भइरहेको आगलागीका घटनामा कोही पनि समवेदित देखिएका छैनन् । बिहीबार जनमत पार्टीका नेता सिके राउतले त कर्णालीतिरको विषयमा कविता पो लेखेर फेसबुकमा हालेका छन् । सिंगो मधेश रोइरहेको र तातो हावामा सास फेर्न गाह्रो भइरहेका बेला वैकल्पिक शक्तिका रुपमा उदाएका जनमत नेता राउतले पनि मधेशी आगलागी पीडितका लागि एक शब्द लेखेका छैनन् । उनले बुधबार 'रातो कर्णाली' कविता लेखेर हसमुख तस्बिर फेसबुकमा राखेका छन् ।



महोत्तरीको मटिहानीमा बुधबार भएको आगलागीमा घर जलेर खरानी भएपछि भक्कानिँदै एक महिला । तस्बिरः मधेशदृष्टि

**वैशाख १३ गते**
रौतहटको कटहरिया नगरपालिका–५ बलरामपुर गाउँमा भुस र बाँसमा लागेको आगो निभाउन गाएकी महिलाको साडीमा आगो सल्किएर जिउको अधिकांश भाग जलेको छ । ५० वर्षीया आस्मा खातुनको बिहीबार बिहान ७ बजे घर छेउको आगो निभाउने क्रममा साडीमा आगो लागेर उनको शरीरको अधिकांश भाग जलेको हो । घटना लगतै आफन्तले तत्कालै उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र कटहरियाको आकस्मिक कक्षमा लागेका थिए । आकस्मिक कक्षमा २ घण्टासम्म गम्भीर अवस्थामा रहेकी महिलाको उपचार गर्न कुनै डाक्टर नआएपछि परिवारले ओपिडीलगायत सबै कक्षामा तालाबन्दी गरेका छन् ।

**वैशाख १३ गते**
सर्लाहीको हरिपूर्वा नगरपालिका–५ धोबिनियामाा भएको आगलागीमा जलेर आज चार घर नष्ट भएको छ । स्थानीय गिरीधारी यादव, शिवधारी यादव, किशोरी बैठा र मोहावी रायको घर आगोले जलेर खरानी भएको छ । अन्य केही घरमा आंशिक क्षति पुगेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दीपक श्रेष्ठले जानकारी दिए । शिवधारी यादवको छोरीको विवाह हँुदै थियो । सोही क्रममा एक्कासी आगलागी भएको हो । आगलागीबाट विवाहका लागि ल्याएको लत्ता कपडा, अन्नपात, भाँडावर्तनलगायत सामग्री जलेर नष्ट भएको छ ।

**वैशाख १२ गते**
महोत्तरीको मटिहानी–६ को मुस्लिम बस्तीका एक सय ५० अग्निपीडित परिवार राहतको प्रतीक्षामा छन् । समयमा सहयोग नहुँदा उनीहरू बिचल्लीमा परेका छन् । बुधबारको आगलागीमा एक सय घर जलेपछि उनीहरूको बिल्लीबाठ भएको हो । बस्तीकी मैमुन खातुनको घरबाट सल्केको आगोबाट झुरमुट्ट बस्तीका एक सय घर खरानी भएका हुन् । अग्निपीडित परिवारले राहत प्राप्त नभएको गुनासो गरेका छन् भने जिल्ला प्रशासन कार्यालयले त्यसनिम्ति प्रयास भइरहको जनाएको छ । जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले सहयोगका निम्ति अपिल गरेका छन् ।

**वैशाख १२ गते**
सिरहाको मिर्चैया वडा नम्बर ३, राघोपुरमा दिउँसो ४ बजेतिर आगलागी । ६ वटा घर जलेर पूर्णरुपमा नष्ट । मिर्चैया नगरपालिका, सिरहा नगरपालिका र गोलबजार नगरपालिकाको दमकलद्वारा आगो नियन्त्रण प्रयास । अग्निपीडित लत्ताकपडा वितरण, केही राहत सामग्री प्रदान ।

**वैशाख ११ गते**
पर्साको वीरगंज महानगरपालिका–१७ स्थित अलौमा मंगलबार बिहान आगलागी हुँदा सातवटा घर जलेका छन् । महेन्द्र सहनीको फुसको घरमा बिजुली चुहिएर सल्किएको आगो नजिकका सात घरमा फैलँदा ५३ लाख ९० हजार रुपैयाँ बराबरको क्षति भएको वीरगंज महानगरपालिका–१७ का वडाध्यक्ष राजीबबहादुर क्षेत्रीले बताए । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले दुईवटा दमकलको सहायताले दुई घन्टामा आगो निभाइएको बताए ।

**वैशाख ९ गते**
सप्तरीको कञ्चनरूप नगरपालिका वडा नम्बर ५ स्थित पडेमारामा आइतबार दिउँसो आगलागी हुँदा २५ लाख रुपैयाँ भन्दा बढीको क्षति भएको छ । पडेमारामा आइतबार दिउँसो करिब ३ बजे सरदार टोलमा भएको भीषण आगलागीमा परेर ११ परिवारको २३ वटा घर जलेर नष्ट भएको प्रारम्भिक अनुमान छ । सरदार टोलका लालमोहन सरदारको गोठमा रहेको चुलोमा बालेको आगोबाट दिउँसो करिब ३ बजे आगलागी शुरु भएको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ ।

आगलागीमा घर र गोठमा भएका अन्नपात, लत्ताकपडा र २ वटा बाख्रासहित २५ लाख रुपैयाँ भन्दा बढीको भएको अनुमान गरिएको छ । कञ्चनपुर, राजविराज , हनुमाननगर नगरपालिका र प्रहरीको ४ दमकल, प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना र स्थानीयको सहयोगमा दिउँसो करिब साढे ४ बजे आगलागी नियन्त्रणमा आएको थियो ।

**वैशाख ८ गते**
पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर १, भलुवहिया टोलमा शनिबार दिउँसो भयंकर आगलागी भयो । स्थानीय कुखुरा फर्मसँगै अरु तीन वटा घर र करिब करिब ६ बिघा खेतमा लगाइएको गहुँ जलेर पूर्णरुपमा नष्ट भयो । इलाका प्रहरी कार्यालय पोखरियाका प्रमुख प्रहरी निरीक्षक मोहनजंग केसीका अनुसार, आगलागीको प्रारम्भिक विवरणमा १२ लाख ८४ हजार रुपैयाँ बराबरको क्षति भएको थियो । छिपहरमाइ गाउँपालिका वडा नम्बर १ भलुवहियामा शनिबार दिउँसो भएको आगलागी भारतबाट सल्केर आएको हो ।

## आगलागी पीडितलाई २० हजार दिइने

महोत्तरीको मटिहानी नगरपालिका–६ जरलहवाहत्ता टोलका बुधबार भएको आगलागीबाट पीडित एक सय परिवारलाई राहत रकम दिइने भएको छ । उनीहरुलाई प्रतिपरिवार २० हजार रुपैयाँ राहत दिइने भएको छ । सदरमुकाम जलेश्वरमा जिल्ला विपद् व्यवस्थापन समितिको आज बसेको आकस्मिक बैठकले अग्नी पीडित परिवारलाई जिल्ला विपद् व्यवस्थापन कोषबाट रकम उपलब्ध गराउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी तथा जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष शिवराम गेलालले जानकारी दिए ।

बैठकमा स्थानीय तह, नेपाल प्रहरी र नेपाल रेडक्रस सोसाइटीले क्षति विवरण संकलन गरी विपद् व्यवस्थापन समितिमा पेश गर्ने, आगलागी पीडितका लागि राहत, अस्थायी बसोबासका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण तथा मधेश प्रदेश सरकार, गृह, सञ्चार तथा कानून मन्त्रालयलाई अनुरोध गर्ने, राहत सामग्री तथा आवश्यक सहयोग उपलब्ध गराउन जिल्लामा क्रियाशील विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ, संस्था, उद्योग वाणिज्य सङ्घ, नागरिक समाज, विभिन्न समाजसेवी सङ्घसंस्थालगायतलाई अनुरोध गर्ने निर्णय गरिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय महोत्तरीले स्थानीय तह, सहयोगी सङ्घ संस्थासँग सहकार्य, समन्वय गरी गर्भवती, बालबालिका, वृद्ध, असहाय र अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकतामा राखी आवश्यक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउने, खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले बस्तीमा आधारभूत खानेपानी तथा सरसफाइको प्रबन्ध मिलाउने, डिभिजन वन कार्यालयले पीडित परिवारलाई सहुलियत दरमा काठ तथा दाउरा उपलब्ध गराउने र शिक्षा विकास तथा समन्वय एकाइसँग समन्वय गरी गैरसरकारी संस्थाले आवश्यकताको आधारमा शैक्षिक सामग्री उपलब्ध गराउने निर्णय भएको छ ।त्यस्तै, मटिहानीका अग्नीपीडितलाई राहत सामग्री एकद्वार नीतिअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय जिल्ला प्रशासन कार्यालयमा अनिवार्य रुपमा अभिलेखीकरण गरी स्थानीय पालिकामार्फत उपलब्ध गराउने निर्णय गरिएको छ । बैठकमा महोत्तरीका १५ पालिकाका प्रमुख एवम् अध्यक्ष तथा प्रतिनिधि, जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घ संस्था, उद्योग वाणिज्य सङ्घ, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिलगायतको उपस्थिति थियो ।

## राहतका लागि समन्वय गर्न टोली परिचालन

महोत्तरीको मटिहानी नगरपालिका–६, जरलहवा टोलमा आगलागी हुँदा नष्ट भएका घर संरचनाका बारेमा वास्तविक अवस्था पहिचान गर्न तथा राहत एवम् पुनःस्थापनाका लागि एउटा टोली परिचालन गरिएको छ । घटनाबारे सम्बन्धित निकायसँग समन्वय र सहजीकरण गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव गोगनबहादुर हमालको नेतृत्वमा टोली परिचालन गरिएको छ । टोलीमा गृह मन्त्रालयका उपसचिव रमा आचार्य, प्राधिकरणका उपसचिव डा. डिजन भट्टराई र प्राधिकरणकै उपसचिव एवम् डढेलो विज्ञ सुन्दर शर्मा रहेका छन् ।

टोलीले क्षतिको पहिचानका साथै पीडितलाई राहत तथा पुनःस्थापनाका लागि सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय तहसँग आवश्यक समन्वय गरी आगामी दिनमा गर्नुपर्ने कार्यका बारेमा सुझाव दिनेछ । टोलीले जिल्ला विपद् व्यवस्थापन समितिलाई आवश्यक सहयोग तथा सहजीकरणसमेत गर्ने प्राधिकरणले जनाएको छ ।

## 'न खाने अन्न रह्यो, न फेर्ने लुगा'

बुधबार दिउँसोको आगलागीबाट घरबारविहीन भएकी महोत्तरीको मटिहानी–६ जरलहवागाछीकी मैमुन खातुनका आँखा अझै ओभाएका छैनन् । बनीबुतो गरेर सञ्चय गरिएको अन्नपात, लुगाफाटा र भाँडाकुडासहित घरजलेर खरानी भएपछि अब जहान परिवार कहाँ लिएर कसरी पालिने भन्ने चिन्ताले मैमुनलाई पिरोलेको छ । बनीबुतो र खेत बढैया (अधिया) गर्दै जोहो गरिएका अन्नपात र क्षणभरमै खरानी भएपछि मैमुनका पति शेष फर्मुदका आँसु पनि थामिएका छैनन् । फर्मुद सुस्केरा हाल्दै भन्छन्, 'आब केना जिबै ! या अल्लाह (अब कसरी बाँच्ने हे ईश्वर) !'

मैमुन परिवारमा मात्रै होइन घरबारविहीन बस्तीका एक सय ६० भन्दा बढी आगलागी पीडित परिवारको व्यथा उस्तै छ । ति परिवारसँग न खाने अन्न छ, न त फेर्ने लुगा । 'कुछो बच नइसकल, सब जैरगेल (घरका केही सामान बचेनन्, सबै जले),' बस्तीकी आगलागी पीडित लखनदेवी पासवान भन्छिन्, 'आब परिवारके कोना गुजारा चलत (अब परिवारको गुजारा कसरी चल्ला !' बुधबार लखनदेवी उपचारका लागि भारतको सीतामढी गएकी थिइन् । घर फर्कदा घरको ठाउँमा खरानीको थुप्रो मात्रै देखेपछि बेहोस भएकी उनलाई नगरप्रमुख हरिप्रसाद मण्डलसहितका प्रतिनिधिले ढाडस दिएपछि सम्हालिए पनि वर्षौंको थातथलो देखेर अझै बेचैन छिन् ।

अधिकांश मुस्लिम समुदाय र धानुक, साह, मलाहसहितका जातिको बसोबास रहेको जरलहवागाछी विपन्न बस्ती हो । त्यही बस्तीमा बुधबार मध्याह्न मैमुन खातुनको परालको कुन्यूबाट सल्केको आगोले भीषण रुप लिँदै एक सय १० घर पूर्णरूपमा जलेर खरानी बनायो । आगोको लप्काले बस्तीका ५० जति अन्य घरमा क्षति पुगेको छ । घटनामा पाँच वटा पशुचौपाया मर्नुका साथै १५ करोडभन्दा बढीको धनमाल क्षतिभएका नगरप्रमुख हरिप्रसाद मण्डल बताउँछन् ।

मध्याह्नतिर लागेको आगो हावाको बहाबसँगै तीव्र गतिमा बस्ती पसेको थियो । आगो निभाउन मटिहानी, जलेश्वर, रामगोपालपुर र प्रदेश प्रहरी कार्यालयका दमकलसहित नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासीले छ घण्टासम्म सङ्घर्ष गर्नुपरेको थियो । आगो निभाए लगत्तै मटिहानी नगरपालिकाले तत्कालै पीडित परिवारलाई चिउरा, सक्खरसहितका तयारी खानेकुरा, ओतका लागि त्रिपाल र नेपाल रेडक्रस सोसाइटी महोत्तरीले बाल्टिन र जग उपलब्ध गराएको छ ।

## आगलागीका दोषी २० वर्षपछि पक्राउ

आगलागी घटनामा दोषी ठहर भई सात वर्ष सजाय पाएका फरार अभियुक्त २० वर्षपछि पक्राउ परेका छन् । २०६१ चैत १३ गते महोत्तरीको लोहारपट्टी नगरपालिकामा पर्ने खुट्टापिपराढीस्थित १२ घरमा आगो लगाएको कसुरमा अदालतबाट सात वर्षको कैद फैसला भई फरार लोहारपट्टी नगरपालिका–४ का ४० वर्षीय राकेश यादवलाई प्रहरीले पक्राउ गरी आवश्यक कारबाहीका लागि महोत्तरी जिल्ला अदालत पठाएको छ । उनलाई जलेश्वर नगरपालिका–२ बाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डिएसपी सन्तुलालप्रसाद जैसवारले बताए । उनलाई कैद भुक्तानका लागि जलेश्वर कारागार पठाइएको छ ।

# प्रेमको विषयमा चक्काजाम प्रहरीद्वारा अश्रुग्यास प्रहार



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्रेम सम्बन्धको विवादलाई लिएर स्थानीयवासीले गरेको चक्काजामको क्रममा प्रहरी र स्थानीयबीच झडप भएको छ । धनुषा, औरही गाउँपालिका–१ पौडेश्वरमा सडकमा टायर बालेर प्रदर्शन गरिरहेका स्थानीय र प्रहरीबीच झडप हुँदा ३ जना प्रहरी घाइते भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक रञ्जन अवाले झडपमा परेर नेपाल प्रहरीका दुईजना र सशस्त्र प्रहरीका १ जनागरी तीनजना घाइते भएको बताए । उनले झडपलाई नियन्त्रणमा लिन प्रहरीले ९ राउन्ड अश्रुग्यास प्रहार गरिएको बताए ।

केही दिनअघि दुईजना केटी दुईजना केटासँग भागेको घटनामा केटी पक्षले केटा पक्षका मान्छेविरुद्ध अपहरण तथा शरीरबन्धक शीर्षकमा मुद्दा दिएका थिए । प्रवक्ता अवाका अनुसार, मुद्दा परेपछि जिल्ला प्रहरी कार्यालय धनुषाबाट अनुसन्धानको क्रममा ५ जनालाई पक्राउ गरेर हिरासतमा राखिएको छ भने भागेका केटाकेटीको खोजतलास भइरहेको छ । 'केटी पक्षका मान्छेले पौडेश्वरको पिच रोडमा टायर बालेर बाटो जाम गरेका थिए । त्यसलाई खुलाइयो । फेरि खाना खाएर त्यो ठाउँबाट अलि अगाडि टायर बालेर सडक जाम गरेर सडक अवरुद्ध गरेका थिए', उनले भने, अवरुद्ध सडक खोल्ने क्रममा त्यहाँ केटी पक्षका मान्छेले प्रहरीमाथि ढुंगामुढा गरेपछि तीनजना प्रहरी घाइते भए भने प्रहरीको गाडीमा समेत तोडफोड भयो । प्रहरीले भिडलाई नियन्त्रणमा लिन ९ राउन्ड अश्रु ग्यास प्रहार गरेको हो ।'

प्रवक्ता अवाले बिहीबार फेरि केटी पक्षका ३ जना र केटा पक्षका २ जनालाई प्रहरीले नियन्त्रणमा लिइएको बताए ।

# पूर्वमन्त्री आलमलाई जन्मकैद



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला अदालत रौतहटले २०६४ चैतमा भएको बम विष्फोट घटनामा दोषी ठहर गर्दै नेपाली कांग्रेसका नेता एवम् पूर्वमन्त्री मोहम्मद अफताब आलमसहित ४ जनालाई जन्मकैद सुनँएपछि नेपाली राजनीति तरंगित भएको छ । नेपाली कांग्रेसका सभापति तथा पूर्वप्रधानमन्त्री शेरबहादुर देउबाले समेत आलमले न्याय पाउनेछन् भन्दै कांग्रेसीजनलाई दिएको ढाडस अन्ततः झुट सावित हुँदै आलम जन्मकैद कसूरमा भागिदार बनाइएका छन् ।

बिहीबार न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलम, उनका भाइ महताब आलम, शेष सेराज भन्ने शेष सराज र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाएको हो । श्रेस्तेदार उद्धव ढोडारीका अनुसार, २०६४ चैत २७ गते रौतहटको राजपुरमा बम बिस्फोटमा घाइते भएकालाई इँटाभट्टामा हालेर हत्या गरेको आरोपको मुद्दामा फैसला गर्दै आलमलाई अदालतले सजाय सुनाइएको हो । उनीहरुले घटना भएको समयमा प्रचलित मुलुकी ऐन २०२० अनुसार जन्मकैद अर्थात २० वर्षको सजाय पाएका छन् ।

त्यस्तै, मुक्ति साहले सफाइ पाएका छन् भने मोहम्मद मोविन, शेष फजल, शेष भदै, सागिर आलम, गौरीशंकर साह र शेष मालाकार फरार रहेकाले उनीहरुको हकमा मुद्दा मुल्तबीमा राखिएको श्रेस्तेदार ढोडारीले जानकारी दिए ।

के भएको थियो राजपुर बम बिस्फोटमा ?

पहिलो संविधानसभाको चुनावको अघिल्लो दिन रौतहटको राजपुरस्थित अफताब आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेलाई जिउदै इँटाभट्टामा जलाएर हत्या गरिएको घटना बाहिरियो ।

प्रत्यक्षदर्शीहरुका अनुसार, त्यसक्रममा केही घाइते आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरुसँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हाली जलाएको प्रत्यक्षदर्शीको बयान थियो । घटनापछि प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का पनि बनायो । प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दियो । २०६५ असार ३० गते तत्कालीन महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । उनको निर्णयमा भनिएको थियो, 'मारिएका भनिएका व्यक्तिहरुको मृत्यु भएको भन्ने यकिन हुन नसकेको साथै उनीहरुको मृत्यु कर्तव्यबाट हुन गएको भन्ने पुष्टि हुन सकेको नदेखिएको ।'

बम काण्डमा मृत्यु भएका ओसी अख्तरकी आमा रुक्सनाको समेत गोली हानी हत्या भएको थियो । २०६७ माघ ८ गते साँझ दुर्गाभगवती गाउँपालिकास्थित माइतीबाट आफ्नो घर आउँदै गर्दा गौडा कुरेर बसेका हतियारधारी समूहले रुक्सनाको गोली हानी हत्या गरेको थियो । घटनामाथि अहिलेसम्म अनुसन्धान भएकै छैन ।

किटानी जाहेरी, घटनास्थलको प्रकृति मुचुल्का, तत्काल मौकामा बुझिएका शेख सराजुल मियाँ र ओहिद मियाँको कागज, मानव अधिकार आयोग लगायतका निकायहरुको प्रतिवेदनका आधारमा विस्फोटको घटना सार्वजनिक हुने डरले बम बिस्फोटका घाइतेलाई इँटाभट्टामा जलाई हत्या गरेको घटना पुष्टि हुने विवरणहरु थियो । आलममाथि राज्यको सुरक्षा बलको सहयोग लिई शव बेपत्ता पारेको भन्ने आरोप समेत थियो । आलमविरुद्धको जाहेरी लामो समयसम्म कारबाही नभई त्यत्तिकै रह्यो । पीडितहरुले अनुसन्धान अघि बढाउन माग राखी सर्वोच्च अदालतमा निवेदन दिए । न्यायाधीशद्वय सुशीला कार्की र डा. भरतबहादुर कार्कीको इजलासले केही न केही प्रमाण भेटिएको अवस्थामा महान्यायाधीवक्ताले स्वेच्छाचारी निर्णय गर्न नहुने फैसला गरेका थिए ।

फैसलामा भनिएको थियो, 'पीडित आफैँ घटनाको व्यहोरा सहित प्रहरीमा किटानी उजुर गर्दा समेत प्रहरी र सरकारी वकिलले मुद्दा हेर्ने अदालतमा मुद्दा नचलाउदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट बञ्चित हुन पुग्छ ।'

सर्वोच्च अदालतको आदेशपछि २०७६ असोज १९ गते प्रहरीले रौतहट क्षेत्र नम्बर २ का तत्कालीन सांसदसमेत रहेका आलम पक्राउ परेका थिए । उनी र उनका महताबसहितविरुद्ध घाइतेलाई नजिकैको इँट्टाभट्टामा जिउँदै जलाएर हत्या गरिएको आरोप थियो । उनीहरुविरुद्ध कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र बम विस्फोट सम्बन्धी कसुर गरी तीन वटा मुद्दा दायर गरिएको थियो । थुनछेक बहसपछि जिल्ला अदालत रौतहटले २०७६ कात्तिक २९ गते आलमलाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

आलमविरुद्धको यो मुद्दामा विगत तीन दिनदेखि जिल्ला अदालतमा जारी बहस बिहीबार सकिएको थियो । बहसका क्रममा वादी नेपाल सरकारका तर्फबाट सरकारी वकिल दयानिधि रिजाल, बद्री कार्की, पुष्पराज पौडेलले बहस गरेका थिए । प्रतिवादी आलमका तर्फबाट नेपाल बारका केन्द्रीय अध्यक्ष गोपालकृष्ण घिमिरे, यदुनाथ खनाल, अजय पटेल, मजरुल हक, सञ्जीव मल्लिक, साबिर हुसैनसहित ९ जनाले बहस गरेका थिए ।

# आगलागी पीडितलाई अस्पतालको राहत



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
महोत्तरीको मटिहानीमा भएको आगलागी घटनाका पीडित परिवारलाई जनकपुरधामको न्युरो हस्पिटलले राहत सामग्री वितरण गरेको छ । आगलागीबाट पीडित परिवारलाई अस्पतालका सञ्चालक डा. विजय राउतको नेतृत्वमा पुगेको राहत टोलीले राहतस्वरुप साडी, गम्छा, चामल, बिस्कुटलगायतका राहत सामाग्री वितरण गरेको हो । आगलागीपीडितहरु खुला आकाशमुनि बस्दै आएका छन् । जरहवा बस्तीका आगलागीबाट पीडित १ सय १० भन्दा बढी परिवारलाई राहत सामग्री वितरण गरिएको हो । पीडित परिवारलाई राहत सामाग्री मटिहानी नगरपालिका नगरप्रमुख हरिप्रसाद मण्डलले हस्तान्तरण गरेका थिए । उनले आफ्नो नगरको आगलागी पीडितलाई अस्पतालले गरेको सहयोगप्रति धन्यवाद ज्ञापन गरेका थिए ।

अस्पतालका सञ्चालक राउतले आगलागीबाट पीडितहरुलाई तत्काल केही घाउमा मलहम होस् भन्ने उद्देश्यले थोरै सहयोग गरिएको बताए । उनले अन्य सहयोगी हातलाई समेत आगलागीबाट पीडितको सहयोगका लागि आह्वान गरे । राहत सामग्री वितरणका लागि अस्पतालका सञ्चालिका विभा राउत, चेयरमैन अजय राउत, सूचना अधिकारी सञ्जय मण्डललगायतका व्यक्ति पुगेका थिए ।

बुधबार मटिहानी नगरपालिका वडा नम्बर ६, गाछीमा रहेको स्तीमा भएको आगलागीमा डेढसय भन्दा बढी घर जलेर नष्ट भएका थिए ।

# रायमाझीसहित सात जनालाई थुनामै राख्न आदेश

**रासस**
**काठमाडौँ ।**
सर्वोच्च अदालतले नक्कली भुटानी शरणार्थी प्रकरणमा नेकपा एमालेका नेता टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेसहित सात जनालाई थुनामुक्त गर्न अस्वीकार गरेको छ । न्यायाधीशद्वय कुमार रेग्मी र टेकप्रसाद ढुङ्गानाको इजलासले बिहीबार तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार डा. इन्द्रजीत राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मालाई थुनामुक्त गर्न अस्वीकार गरेको हो । सर्वोच्च अदालतले यससम्बन्धी मुद्दामा यसअघि उच्च अदालत पाटनले दिएको आदेश सदर गरेको छ ।

'प्रतिवादीहरू उपर किटानी जाहेरी रहेको, निजहरूले एकअर्कालाई पोल गरी गरेको बयानको बेहोरा, पीडितहरूको घटनाविवरण कागजसमेतका तत्काल प्राप्त मिसिल प्रमाणका आधारमा निजहरूलाई मुद्दा पूर्पक्षका लागि मुलुकी फौजदारी कार्यविधि संहिता, २०६४ को दफा ६७ बमोजिम थुनामा राख्ने गरी उच्च अदालत पाटनबाट २०८० मङ्सिर १५ गते भएको आदेश बेरितको नदेखिँदा परिर्वतन गरिरहन परेन,' आदेशमा भनिएको छ ।

जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले यसअघि पूर्पक्षका लागि थुनामा पठाउन दिएको आदेशविरुद्ध रायमाझीलगायतले सर्वोच्च अदालतमा पुनरावेदन गरेका थिए । पुनरावेदनमाथिको सुनुवाइपछि सर्वोच्चले उच्च अदालतकै आदेश सदर गरेको हो । सर्वोच्च अदालतले नक्कली भुटार्नी शरणार्थी प्रकरणमा नेपाली काङ्ग्रेसका नेता आङटावा शेर्पालाई भने ३० लाख नगद वा सो बराबरको जेथा जमानता वा बैंक जमानत गरी धरौटीमा छाड्न आदेश दिएको छ ।

त्यस्तै, अदालतले नेपालीलाई नक्कली भुटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा आरोपितमध्ये जिल्ला अदालतमा भएको थुनछेक बहसमा इन्कारी बयान दिएका जिमा शेर्पेनी, तेन्जी पुटी शेर्पेनी, पेम्बा शेर्पा, जिमा शेर्पा, लमडोपा शेर्पा र सोनी शेर्पालाई पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालत पाटनको आदेश बदर गरेको छ । आदेशमा जिल्ला अदालत काठमाडौँ र उच्च अदालत पाटनले पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरिएका गोविन्दकुमार चौधरीलाई १० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । चौधरीपत्नी निजु चौधरीले मोरङको कसेनीको जग्गा नक्कली भुटानी शरणार्थी प्रकरणका मुख्य अभियुक्त केशवप्रसाद दुलालले भनेका व्यक्तिको नाममा पास गरेको पाइएकाले पुर्पक्षका लागि थुनामा राख्ने उच्च अदालतको आदेश बदर गर्दै १० लाख नगद वा त्यस बराबरको जेथा जमानत वा बैंक जमानतमा छाड्न आदेश दिएको हो ।

सर्वोच्च अदालतले यसअघि उच्च अदालत पाटनले १० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएका केन्द्रीय हज समितिका तत्कालीन अध्यक्ष शमशेर मियाँलाई पनि साधारण तारेखमा छाड्न आदेश दिएको छ । पीडितहरूले मियाँलाई रकम दिएको भनेर नाम उल्लेख नगरेको, उनले इन्कारी बयान दिएको र कसैले पनि मियाँको नाम पोल नगरेकाले १० लाख रुपैयाँ धरौटी लिने उच्च अदालतको आदेश बदर हुने ठहर गरेको सर्वोच्च अदालतले जनाएको छ ।




# नेपाल–चीन (तिब्बत) आर्थिक तथा व्यापार मेला हुने

**रासस**
**काठमाडौँ ।**
नेपाल–चीन (तिब्बत) १७औँ आर्थिक तथा व्यापार मेला वैशाख १७ गते हुने भएको छ । नेपाल सरकार र चीनको स्वशासित क्षेत्र तिब्बतको वाणिज्य विभागवीच सन् १९९० मा सम्पन्न दुई देशका सरकारको व्यापार प्रतिनिधिमण्डलबीच भएको सम्झौताअनुसार प्रत्येक दुई–दुई वर्षमा मेला हुँदै आएको छ । नेपाल र चीनको स्वशासित क्षेत्र तिब्बतमा दुई वर्षमा आलोपालो हुनेगरी आर्थिक तथा व्यापार मेला आयोजना गर्ने सम्झौता बमोजिम मेला आयोजना गर्ने गरी तयारी गरिएको व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रले जनाएको छ । नेपाल चीन (तिब्बत)बीच दुई पक्षीय आर्थिक तथा ब्यापार आर्थिक र व्यापारिक सम्वन्ध अझ विस्तार गर्ने मेलाको प्रमुख उद्देश्य रहेको केन्द्रले बिहीबार पत्रकार सम्मेलन आयोजना गरी जनाएको छ ।

मेलामा चीन (तिब्बत)बाट स्वशासित क्षेत्र तिब्बतका सरकारी प्रतिनिधिको रुपमा चीनको स्वशासित क्षेत्र तिब्बत सरकारका उपाध्यक्ष लङ फुकुअनको नेतृत्वमा पाँच सदस्यीय उच्चस्तरीय प्रतिनिधिमण्डलसहित करिब १ सय २५ व्यापारी प्रतिनिधिको सहभागिता रहनेछ ।

मेलामा चीन (तिब्बत)को तर्फबाट ५० प्रदर्शनी कक्ष रहने केन्द्रले जनाएको छन् । तिब्बतका स्टलहरुमा परम्परागत जडीबुटी, कृषिजन्य उत्पादन, आधुनिक कृषि औजार, चिया, विद्युतीय उपकरण, घरायसी प्रयोगका साधन, कार्पेट, पेयपदार्थ, परम्परागत हस्तकलाका सामान, परम्परागत धुप, दुई पाङ्ग्रे, तीन पाङ्ग्रे, चार पाङ्ग्रे, विद्युतीय सवारी साधन र सौन्दर्य प्रशोधनका अतिरिक्त विभिन्न व्यापारिक कम्पनीले समेत भाग लिने छन् । यसैगरी नेपालको तर्फबाट १५ प्रदर्शनी कक्ष रहने छन् ।

# पुनरावेदन समितिको अध्यक्षमा भट्ट

**रासस**
**काठमाडौँ ।**
सरकारले सहकारी क्षेत्रमा देखिएका समस्यालाई सम्बोधन गर्न कानुनी व्यवस्थालाई पुनरावलोकन गर्ने भएको छ । साथै बचतकर्ताले व्यहोर्नुपरेको समस्या समाधानको प्रक्रियामा सरकारले सहयोग गर्ने भएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा बुधबार बसेको बैठकले यससम्बन्धी निर्णय गरेको सरकारको प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिइन् । बैठकले उच्च अदालत पाटनका न्यायाधीश सुदर्शनदेव भट्टलाई सोही अदालतको कामकाजसमेत गर्ने गरी पुनरावेदन समितिको अध्यक्ष तोक्ने निर्णय गरेको छ । काठमाडौँ उपत्यका विकास प्राधिकरण ऐन, २०४५ को दफा २३ को उपदफा २३.१ अनुसार न्यायाधीश भट्टलाई पुनरावेदन समितिको अध्यक्ष तोक्ने सरकारले निर्णय गरेको प्रवक्ता शर्माले बताइन् ।

त्यसैगरी हाल देशभरका विभिन्न स्थानमा आगलागी र डढेलोका कारण भइरहेको क्षति न्यून गर्न र तत्काल आगलागी नियन्त्रण गर्न सम्बन्धित निकायलाई गम्भीरतापूर्वक क्रियाशील हुन सम्बन्धित निकायलाई निर्देशन दिइएको उनले बताइन् ।

# मानव अधिकार रक्षकहरुको २ दिने तालिम सुरु




**मधेशदृष्टि**
**बर्दिवास ।**
महोतरीको बर्दिवासमा दुई दिने मानव अधिकार र रक्षकहरुको समष्टिगत सुरक्षा सम्बन्धी तालिम सुरु भएको छ । तालिमको अध्यक्षता ओरेक नेपालले गरेको छ । प्रशिक्षकको रुपमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सम्झना शर्मा र पुर्न स्थापना केन्द्र ओरेक नेपालको कार्याक्रम संयोजक सुलोचना खनालको सहभागिता थियो । कार्यक्रममा सहजीकरण ओरेक नेपालका कर्मचारी असमिता चौधरी थिइन् । तालिममा जम्मा सहभागीहरुको संख्या १७ जना रहेको थियो । तालिममा बालविवाह, दाईजो प्रथा, जातिय विभेद, लैङ्गिक हिंसा, अपाङ्गताको क्षेत्रमा चुनौती व्यक्तिगत सुरक्षा, संघसंस्था सम्बन्धी घटना, खतराको संकेतहरु, पुर्व तयारी कर्मचारी सुरक्षा, प्रतिकृयाको चरण घटना हुँदा बारेमा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सम्झना शर्माले जानकारी दिएकी थिइन् । तालिममा मानव अधिकार रक्षकको व्यवस्थापन समिति, मनोरञ्जन कर्ता मूल्यांकनकर्ता तथा एक–दुई जना सहभागीहरु मध्ये एक अर्काको परिचय आदान–प्रदान समेत गरि तालिममा ५ मिनेट ब्रेकको समयमा एउटा नयाँ गेमद्वारा मनोरञ्जन समेत गराईएको ओरेकका कार्यक्रम संयोजक सुलोचना खनालले जानकारी दिइन् ।

# पत्रकारिता क्षेत्रको विकास गर्ने प्रतिबद्धता



**रासस**
**जनकपुरधाम ।**
मधेश–प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री राजकुमार लेखीले पत्रकारिता क्षेत्रको दिगो विकास तथा संरक्षणका लागि मधेश–प्रदेश सरकार योजनाबद्ध तरिकाले अगाडि बढ्ने बताएका छन् । सञ्चारिका समूह नेपालद्वारा बिहीबार जनकपुरमा आयोजित नेपालमा महिला पत्रकारहरुको ‘नेतृत्व क्षमता विकास’ विषयक दुईदिने कार्यशाला गोष्ठीको उद्घाटन गर्दै उनले सो विचार व्यक्त गरेका हुन् । मन्त्री लेखीले लोकतन्त्र तथा सञ्चार क्षेत्र एक सिक्काको दुई पाटा रहेको उल्लेख गर्दै लोकतन्त्रमा पत्रकारितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउनुपर्ने आवश्यक छ भने । सञ्चार क्षेत्रमा काम गर्ने पत्रकार र सञ्चार संस्थाको संस्थागत विकासका लागि एक हप्ताभित्र मधेश–प्रदेश सरकारले बजेट, तालिम, सूचना र सुरक्षाका कार्यक्रम ल्याउने प्रतिबद्धतासमेत व्यक्त गरे । ‘म मन्त्री भएको धेरै दिन भएको छैन, सबै कुरा बुझ्दै सञ्चारक्षेत्रको विकासमा लाग्नेछु’, उनले भने । गोष्ठीमा मन्त्रालयकी राज्यमन्त्री शारदा थापाले मुलुकमा सामाजको विकास तथा सुशासन कायम गर्नका लागि पत्रकारिता क्षेत्रको भूमिका सराहनीय रहेको उल्लेख गर्दै पत्रकारिता क्षेत्रको विकासमा सरकारको हरेक क्षेत्रले सहयोग पु¥याउनुपर्ने आग्रह गरे । सञ्चारिका समूह नेपालका अध्यक्ष विमला तुम्ख्वाको सभापतित्वमा भएको सो कार्यक्रममा आसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव र पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मोनिका झाले पनि पत्रकारको समस्याबारे विचार व्यक्त गरेका थिए ।

# हात्तीपाइलेविरुद्ध साझा अभियान



**रासस**
**महोत्तरी ।**
मान्छेलाई अशक्त, अपाङ्ग र कुरुप बनाउने घातक रोग हात्तीपाइले (फइलेरिया) विरुद्ध महोत्तरीमा सङ्गठित र साझा अभियान थालिएको छ । वैशाख १६ गते आइतबारदेखि हात्तीपाइले रोग निवारणका लागि सुरु गरिने १० दिने ‘आम औषधी सेवन अभियान’ मा कोही नछुटून् भन्ने अभिप्रायले यसलाई सङ्गठित र साझा अभियान बनाइएको स्वास्थ्य कार्यालय महोत्तरीले जनाएको छ ।

यस अभियानमा स्वास्थ्य सेवा प्रदायक सबै संस्था, स्थानीय प्रशासन, स्थानीय तह र सामाजिक सङ्घसंस्थाबीच समन्वय गरी साझा संयन्त्र बनाएर अभियान सफल बनाइने स्वास्थ्य कार्यालय महोत्तरीका प्रमुख स्वास्थ्य प्रशासक सुनिता गुप्ताको भनाइ छ । अभियानको सफलताका लागि जिल्लाका १५ वटै स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी र स्वयं सेवकलाई बस्तीबस्तीका घरघर पुगेर औषधी खुवाउने तरिकाबारे अभिमुखीकरण गरिएको कार्यालयले जनाएको छ । यसैगरी अभियानको पूर्ण सफलताका लागि वडा तहसम्म स्थानीय जनप्रतिनिधि, सामाजिक सङ्घसंस्थाका अगुवा, सञ्चारकर्मी र स्वास्थ्य सेवा प्रदायक संस्था आबद्ध व्यक्तिको साझा प्रयत्न अभियानमा जोडिएको प्रमुख स्वास्थ्य प्रशासक गुप्ताको भनाइ छ ।

‘यसपालि औषधी सेवनमा एकजना पनि नछुटून् भन्ने ध्येयसाथ योजना बनाएर काम भएको छ, अभियानमा खटिएका स्वास्थ्यकर्मीले व्यक्ति व्यक्तिलाई भेटेर आफ्नै अगाडि औषधी खुवाउने छन्’, गुप्ता भन्छन्, ‘यसका लागि कुनै घरमा पटकपटक पुग्नुपरे पनि स्वास्थ्यकर्मी पुग्नेछन् ।’ घरका सदस्यको गणनामा औषधी छोडिँदा सबैले नखाइदिने र बेवास्ता गर्ने विगत अनुभवले यसपालि स्वास्थ्यकर्मीले आफ्नै अगाडि खुवाउने व्यवस्था मिलाइएको गुप्ताको भनाइ छ । मुलुकका सात हात्तीपाइले निवारण हुन नसकेका जिल्लामध्ये महोत्तरी परेपछि यसविरुद्ध प्रभावकारी नतिजा निकाल्न यसपालि आम औषधी सेवन अभियानमा जनजन परिचालित गर्न खोजिएको कार्यालयले जनाएको छ । अभियानको सफलताका लागि वडा तहसम्म सम्बद्ध पक्षबीच चरण–चरणका छलफलले योजना बनेका छन् । दुई वर्ष उमेर पुगेका सबैलाई उनीहरुको उचाइ मापन गरी आवश्यक मात्राको औषधि दिन अभियानमा खटिने स्वास्थ्यकर्मी र स्वयंसेवकलाई प्रशिक्षित गरिएको गुप्ताको भनाइ छ ।

यस अभियानमा दुई वर्ष उमेर नपुगेका, गर्भवती महिला, सात दिनभित्रका सुत्केरी, अस्पतालमा भर्ना भएका बिरामी, छारे रोग भएका, दीर्घरोगी र निरन्तर डायलायसिस गर्नु परिरहेका स्वास्थ्य समस्याका बाहेक सबैलाई औषधि खुवाइने छ । यस अभियानअन्तर्गत यसपालि जिल्लाका सात लाख १६ हजार दुई सय६४ जनालाई औषधी खुवाइने गुप्ताले जानकारी दिए । मधेशका आठ जिल्लामध्ये महोत्तरी, धनुषा, सर्लाही र रौतहटसमेत चार जिल्लामा हात्तीपाइले रोगका बिरामी भेटिएपछि यीसहित मुलुकका कुल सात जिल्लामा यसविरुद्ध अभियान थालिएको छ । मधेशका बाहेक तराईका झापा र कपिलवस्तु एवम् हिमाली जिल्ला रसुवामा सरकारले यो अभियान सञ्चालन गर्दैछ । राष्ट्रिय अभियानअन्तर्गत प्रत्येक वर्ष हात्तीपाइले निवारणका लागि औषधी सेवन गराइँदै आइए पनि महोत्तरीमा रोग फैलने क्रम पाइएको छ । गत वर्ष औषधी सेवन गराएपछि रक्त नमूना सर्वेक्षणमा जिल्लामा हात्तीपाइले बढ्दो समस्याका रूपमा पहिचान भएको हो । जिल्लाको मटिहानी नगरपालिकाका छ सय व्यक्तिमा रगत परीक्षण गरिँदा २१ जनामा हात्तीपाइले देखिएपछि यसपटक जिल्लामा कोही नछुट्ने गरी औषधि सेवन गराउने तयारी गरिएको हो । मटिहानीमा छ सय जनामा गरिएको रक्त परीक्षणको सर्वेक्षण नतिजाले डरलाग्दो अवस्था देखिएको स्वास्थ्यकर्मीको भनाइ छ । हात्तीपाइले शारीरिक रूपमा अशक्त, अपाङ्ग र कुरुप बनाउने सरुवा रोग हो । सङ्क्रमण भइसकेर पनि वर्षौंसम्म यसका लक्षण नदेखिने भएको हुँदा अन्यमा चाँडै सर्ने सम्भावना रहन्छ । क्युलेक्स लामखुट्टेको टोकाइबाट यो रोग सर्ने गर्छ । औषधी सेवनले रोग निको हुने र अन्यमा नसर्ने हुँदा अहिले औषधी सेवनको प्रभावकारितामा जोड दिइएको हो । औषधि सेवन गर्दा कसैकसैलाई वाकवाकी लाग्ने, रिङ्गटा लाग्ने, वान्ता आउने र ज्वरो आउने पक्ष औषधीको सेवनले शरीरमा भएका रोगका परजीवी नष्ट हुने क्रम भएको स्वास्थ्यकर्मीले स्पष्ट पारेका छन् ।

तसर्थ हात्तीपाइलेविरुद्धको आम औषधी सेवन अभियानमा सरिक भइ आपूm खाने र अरुलाई खान उत्प्रेरित गर्न स्वास्थ्य कार्यालय महोत्तरीले आम जिल्लावासीसँग अपिल गरेको छ ।

# २० अर्ब रुपैयाँ बढीको खाद्यान्न भित्रियो




**मधेशदृष्टि**
**वीरगंज ।**
मुलुकको प्रमुख भन्सार नाका वीरगंजको आईसिपी भन्सार हुदै चालु आर्थिक बर्षको ९ महिनामा २० अर्ब २९ करोड २१ लाख ६६ हजार मुल्य बराबरको धान, चामल, मकै लगायतका खाद्यान्न भित्रिएको छ । वीरगंज भन्सार कार्यालयले उपलब्ध गराएको तथ्यांक अनुसार चालु आर्थिक बर्ष २०८०÷८१ को चैत्र मसान्त सम्म ६ अर्ब ९३ करोड २० लाख १२ हजार मुल्य बराबरको धान भित्रिएको छ भने १ अर्ब ३८ करोड १८ लाख ४९ हजार मुल्य बराबरको चामल भित्रिएको छ । त्यसैगरी आईसिपी भन्सार नाकाबाट सो अवधिमा ६ अर्ब ९३ करोड २० लाख १२ हजार मुल्य बराबरको मकै भित्रिएको वीरगंज भन्सार कार्यालयको तथ्यांकले देखाएको छ । यसैगरी वीरगंज नाकाबाट फापर, कोदोको पिठो लगायतका खाद्यान्न १ अर्ब ३८ करोड १८ लाख ४९ हजार मुल्य बराबरको भित्रिएको छ । त्ययैगरी गहुँ ३ अर्ब ६६ करोड ४४ लाख ४४ हजार मुल्य बराबरको भित्रिएको छ । धान चामल, मकै र गहुँ लगायतका खाद्य सामग्रीबाट वीरगंज भन्सारले १ अर्ब १४ करोड ७५ लाख २४ हजार रुपैयाँ राजस्व असुली गरेको वीरगंज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले जानकारी दिए । गत बर्ष वीरगंज नाकाबाट सो अवधिमा १७ अर्ब ७ करोड ४५ लाख ३९ हजार मुल्य बराबरको धान, चाम, मकै, फापर कोदो तथा गहुँ लगायतका खाद्यान्न भित्रिएको र सो वापत १ अर्ब ७ लाख ५५ हजार रुपैयाँ राजस्व संकलन भएको थियो । र क्षेत्र एक सिक्काको दुई पाटा रहेको उल्लेख गर्दै लोकतन्त्रमा पत्रकारितालाई व्यवस्थित, मर्यादित र प्रभावकारी बनाउनुपर्ने आवश्यक छ भने । सञ्चार क्षेत्रमा काम गर्ने पत्रकार र सञ्चार संस्थाको संस्थागत विकासका लागि एक हप्ताभित्र मधेश–प्रदेश सरकारले बजेट, तालिम, सूचना र सुरक्षाका कार्यक्रम ल्याउने प्रतिबद्धतासमेत व्यक्त गरे । ‘म मन्त्री भएको धेरै दिन भएको छैन, सबै कुरा बुझ्दै सञ्चारक्षेत्रको विकासमा लाग्नेछु’, उनले भने । गोष्ठीमा मन्त्रालयकी राज्यमन्त्री शारदा थापाले मुलुकमा सामाजको विकास तथा सुशासन कायम गर्नका लागि पत्रकारिता क्षेत्रको भूमिका सराहनीय रहेको उल्लेख गर्दै पत्रकारिता क्षेत्रको विकासमा सरकारको हरेक क्षेत्रले सहयोग पु¥याउनुपर्ने आग्रह गरे । सञ्चारिका समूह नेपालका अध्यक्ष विमला तुम्ख्वाको सभापतित्वमा भएको सो कार्यक्रममा आसञ्चार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव र पत्रकार महासङ्घ धनुषाका अध्यक्ष मोनिका झाले पनि पत्रकारको समस्याबारे विचार व्यक्त गरेका थिए ।

गरम हावा/लू से बचे खातिर
यी बातसब ध्यान मे राखल जावो

- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।

जनहितमे जारी सन्देश
Tv BIRGUNJ
RADIO
मधेशदृष्टि राष्ट्रिय दैनिक



*अज्ञानी हुनु त्यति लाजमर्दो कुरा होइन,*
*जति जान्ने इच्छा नराख्नु हो ।*
**अज्ञात**

## सम्पादकीय

# न्याय मरेको छैन !

*नेपाली कांग्रेसका बलशाली अनुहार मोहमद आफ्ताब आलम जन्मकैद फैसलामा कसूरदार भउका छन् । उनलाई जिल्ला अदालत रौतहटले २०६४ चैत २७ गते भएको बम विष्फोट घटनामा पूर्णरुपमा दोषी ठहर गरेको छ । बिहीबार न्यायाधीश मातृकाप्रसाद आचार्यको इजलासले आलम, उनका भाइ महताब आलम, शेष सेराज भन्ने शेष सराज र बद्री सहनीलाई जन्मकैदको सजाय सुनाएपछि रौतहटमा झण्डै दुई दशकपछि सर्वसाधारणले न्यायको महसुस गरेका छन् । मान्छेलाई जिउँदै इँटाभट्टामा हालेर पोलेर प्रमाण नष्ट गर्ने क्रूर अपराधमा संलग्न आलम पुर्पक्षमै थिए । उनी छुट्छन् भनेर नेपाली कांग्रेसका नेताहरुले निकै रोइकराइ गरेका थिए । तर अन्ततः अदालतले अझै निम्छराका पक्षमा फैसला हुन्छ है, धैर्य गर्न सक्नु पर्छ भन्ने सन्देश दिएको छ । पहिलो संविधानसभाको चुनावको अघिल्लो दिन रौतहटको राजपुरस्थित अफताब आलमका काका शेख इन्द्रिसको घरमा बम बनाउने क्रममा त्रिलोकप्रताप सिंह र ओशी अख्तरसहित घाइतेलाई जिउदै इँटाभट्टामा जलाएर हत्या गरिएको घटनाका आलम कसूरदार भएका हुन् । घाइतेले आफूलाई बचाउन आग्रह गर्दै चिच्याएका थिए । तर क्रुर आलम पक्षधरले उनीहरुको चित्कार सुनेनन् । घटना सार्वजनिक हुने डरले आलमले सहयोगीहरुसँग मिलेर नजिकको इँटाभट्टाको आगोमा हाली जलाएको प्रत्यक्षदर्शीको बयानका आधारमा आलमको जेल यात्रा तय भएको छ ।*

*अब प्रश्न उठ्छ, त्यतिखेर घटनापछि प्रहरीले घटनास्थलमा कुनै किसिमको बिस्फोट नभएको भनेर मुचुल्का बनाएको थियो । ती प्रहरी अधिकृतलाई कारबाहीको दायरामा ल्याउनु पर्छ कि पर्दैन ? प्रहरी, जिल्ला सरकारी वकिल कार्यालय र पुनरावेदन सरकारी वकिल कार्यालयले मुद्दा नचल्ने राय दियो । के उनीहरुमागि यो फैसलाको नजिर आकर्षित हुँदैन ? २०६५ असार ३० गते तत्कालीन महान्यायाधीवक्ता यज्ञमूर्ति बञ्जाडेले मुद्दा नचल्ने निर्णय गरे । के उनीजस्ता महान्यायाधीवक्तालाई सचेतसम्म गराउने काम गर्नु पर्दैन ? सत्ताको आडमा भइरहेको बदमासीमा ढाकछोप गर्ने निकायहरु पनि त दोषी हुन्, उनीहरुलाई उम्काउने छिद्र टालटुल पार्न कानुन नै पो संशोधन जरुरी हो कि ? यति मात्र होइन, बम काण्डमा मृत्यु भएका ओसी अख्तरकी आमा रुक्सनाको समेत गोली हानी हत्या भएको थियो । २०६७ माघ ८ गते साँझ दुर्गाभगवती गाउँपालिकास्थित माइतीबाट आफ्नो घर आउँदै गर्दा गौडा कुरेर बसेका हतियारधारी समूहले रुक्सनाको गोली हानी हत्या गरेको थियो । के अब यो घटनामाथि अनुसन्धान शुरु भएर दोषीहरु कारबाहीको दायरामा आउलान् ?*

*यता, सर्वोच्च अदालतले बिहीबार नै नक्कली भुटानी शरणार्थी प्रकरणमा नेकपा एमालेका नेता टोपबहादुर रायमाझी र सचिव टेकनारायण पाण्डेसहित सात जनालाई थुनामुक्त गर्न अस्वीकार गरेर अर्को आसाको सञ्चार जगाएको छ । न्यायाधीशद्वय कुमार रेग्मी र टेकप्रसाद ढुङ्गानाको इजलासले बिहीबार तत्कालीन गृहमन्त्री रामबहादुर थापाका सल्लाहकार डा. इन्द्रजीत राई, भुटानी शरणार्थी प्रकरणका मुख्य आरोपी केशवप्रसाद दुलाल, सानु भण्डारी, सागर राई र सन्देश शर्मालाई थुनामुक्त गर्न अस्वीकार गरेको हो । सर्वोच्च अदालतले यससम्बन्धी मुद्दामा यसअघि उच्च अदालत पाटनले दिएको आदेश सदर गरेको छ । उच्च अदालत पाटनबाट २०८० मङ्सिर १५ गते भएको आदेश बेरितको नदेखिँदा परिर्वतन गरिरहन परेन भनेर सर्वोच्चबाट रिहाको मौका लिन खोजेकाहरुलाई सर्वोच्चले पुरानै आदेश सदर गरेको छ । यी दुई घटनाले जनतामा अदालतप्रति आसा कायम पनि राखेको छ । हेभिवेटहरुको राजनीतिक शक्ति दुरुपयोगलाई पनि रोकिदिएको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।
सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)
इमेलः madheshdristi@gmail.com

# हरवाचरवाका पक्षमा काम गर्न मधेश सरकारको ध्यानाकर्षण

- ममता विश्वकर्मा



मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१–८२ को नीति, कार्यक्रम तथा बजेटमा मधेश प्रदेशको आठ ओटै जिल्लामा रहेका झण्डै एक लाख मुक्त हरवाचरवा परिवारको सामाजिक र आर्थिक सवाललाई सम्बोधन गराउन बजेट पैरवी कार्यक्रम भएको छ। कार्यक्रमपश्चात राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका प्रतिनिधिले मधेश प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगमा डेलिगेशनमार्फत ध्यानार्कषण–पत्र बुझाएका छन्।

ध्यानाकर्षण–पत्रमार्फत राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले मधेश प्रदेशको आठ जिल्ला (सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा) का ४२ पालिकामा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका स्थानीयस्तरका आफ्नै जनसंगठन निर्माण भई कार्यक्रम सञ्चालन भइरहेको जानकारी गराउँदै आगामी आर्थिक वर्ष २०८१–८२ को नीति, कार्यक्रम र बजेटमार्फत मुक्त हरवाचरवाको तथ्याङ्क सङ्कलन, प्रमाणिकरण र परिचय–पत्र वितरण तथा न्यायिक पुनःस्थापनाको कार्यक्रम अगाडि बढाउन अनुरोध गरेका छन्।

साथै, मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि र सहकारी मन्त्रालयको पहलमा मस्यौदा गरिएको मुक्त हरवाचरवाको तथ्याङ्क सङ्कलन, प्रमाणिकरण र परिचय–पत्र वितरणसम्बन्धी कार्यविधिलाई अन्तिम रुप दिई मन्त्रिपरिषद्बाट पारित गरी तत्काल हरवाचरवा लगत सङ्कलन, प्रमाणिकरण र परिचय–पत्र वितरण थालनी गरिनु पर्ने, मुक्त हरवालाई जमिन, आवास, शिक्षा, स्वास्थ्य, सामाजिक समावेशीकरण, रोजगारी र सामाजिक सुरक्षासहितको मुक्त हरवाचरवा पुनःस्थापना प्याकेज निर्माण गरी सोको कार्यान्वयन गरिनु पर्ने र हरवाचरवालाई खेती र आवासका लागि जमिन उपलब्ध गराउन र वैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीविहीन हरवाचरवालाई तीन महिना, ६ महिना र सोभन्दा लामो दीर्घकालीन सीपको तालिम, १ लाख रुपैयाँको बीउ पुँजी र आवश्यक औजार प्रदान गरिनुपर्ने ध्यानकर्षण–पत्रमा उल्लेख गरिएको छ।

ध्यानाकर्षण–पत्रमा मञ्चले नेपालमा हरवाचरवा भन्दा गरिब र भूमिहीन अरु कोही नभएको उल्लेख गर्दै सडक, बिजुली, शुद्ध खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइ जस्ता न्यूनतम भौतिक पूर्वाधारसहित एकीकृत प्याकेजसहितको बहुआयामिक गरिबी निवारण कार्यक्रम सर्वप्रथम हरवाचरवाको बस्तीमा लागु गरिनुपर्ने, नागरिकताबिहीन मुक्त हरवाचरवालाई नागरिकता उपलब्ध गराइनु पर्ने, नेपालको संविधानको धारा ५१ ञ (६) मा मुक्त हरवाचरवा, भूमिहीन, सुकुम्वासी पहिचान गरी बसोवासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिनसहित पुनःस्थापना गर्ने र नेपालको संविधानको धारा १८, २४, ४० को मान्यताअनुसार अक्षरशः कार्यान्वयन गरिनु पर्ने, मुक्त हरवाचरवा बसोवास गर्दै आएको स्थानबाट पुनःस्थापना कार्यक्रम विना विस्थापित गर्ने कार्य तत्काल रोक्न सम्बन्धित निकायलाई कडा निर्देशन जारी गरिनु पर्ने र गत वर्ष पारित भएको नीति, कार्यक्रम र बजेटमा भएको व्यवस्था कार्यान्वयन गरिनु पर्ने कुरालाई जोडदार रुपमा माग गरेका छन्।

त्यस्तै, नेपाल सरकारले २०७९ साउन २ गते भूमि व्यवस्था मन्त्रालयको सिफारिसका आधारमा हरवाचरवाको ऋणको खारेजीसहित मुक्तिको घोषणा गरेसँगै नेपाल बधुँवा श्रमबाट मुक्त भएको ध्यनाकर्षण–पत्रमा उल्लेख गरिएको छ।

मधेश प्रदेश सरकार, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको अगुवाईमा हरवाचरवाको लगत सङ्कलन, प्रमाणिकरण र परिचय–पत्र वितरणलगायत प्रारम्भिक पुनःस्थापनाको कार्य अघि बढाउन नेतृवदायी भूमिका खेलेका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय तथा सिंगो मधेश प्रदेश सरकारलाई मञ्चले पत्रमार्फत धन्यवाद ज्ञापन गर्नुका साथै यसै कार्यकालमा मुक्त हरवाचरवाको पुनःस्थापनाका सबै काम सम्पन्न हुने विश्वास समेत व्यक्त गरेका छन्।

नेपालको संविधान, विद्यमान ऐन कानुन तथा मुक्तिको घोषणा गर्दाका बखत गरिएका प्रतिबद्धता कार्यान्वयन गर्न गराउने उद्दश्यले 'मुक्त हरवाचरवाको न्यायिक पुनःस्थापना हाम्रो सरोकार ! भूमि, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षा हाम्रो अधिकार !!' भन्ने मूल नाराका साथ मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपानेको प्रमुख आतिथ्यतामा वैशाख ७ गतेदेखि ८ गतेसम्म जनकपुरधाममा राष्ट्रिय हरवाचरवा अधिकार मञ्चको ऐतिहासिक तेश्रो राष्ट्रिय सम्मेलनबाट दशनलाल मण्डलको नेतृत्वमा २५ सदस्यीय नयाँ नेतृत्व पनि चयन गरिएको छ। त्यस्तै, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षमा क्रमशः श्रीप्रसाद सदा (धनुषा), लागिन्द्र सदा (सप्तरी), मोहमद कासिम मिया(सिरहा), बिगनेष पासवान (रौतहट) र राजवती मण्डल (सिरहा) चयन भएका छन्। त्यसैगरी, सदस्यहरूमा शिव सदा, साबित्रीदेवी सदा, तेतरी माझी, खुवलाल राम, दलि माझी, धनमन्ती राम, उपेन्द्र दाश, गोलीयादेवी राम, उपेन्द्र राम, सोनीया माझी, ठकनीदेवी महरा, अलि मोहमद नदाफ, श्यामसुन्दर सदा, गीता सदाय, सुमित्रा खड्ग र मधु सदा चयन भएका छन्।

# उपनिर्वाचन भयरहित, निष्पक्ष र शान्तिपूर्ण हुनेछ



**–देवीचरण फुयाल**
**जिल्ला निर्वाचन अधिकारी**

राष्ट्रिय निर्वाचन आयोगले २०८० फागुन १३ गते इलाम निर्वाचन क्षेत्र नम्बर २ मा प्रतिनिधिसभा सदस्य पदका लागि निर्वाचन तय गरेपछि जिल्लामा उपनिर्वाचनको चुनावी सरगर्मी बढेको छ । वैशाख १५ गते हुने निर्वाचनका लागि निर्वाचन आयोग र मुख्य निर्वाचन अधिकृतको कार्यालयले आवश्यक तयारी गरिरहेका छन् । वैशाख १५ गते हुने इलाम क्षेत्र–२ को उपनिर्वाचनका लागि मतदाताको संख्या १ लाख १५ हजार ८ सय ८९ छ । निर्वाचन आयोगले सार्वजनिक गरेको विवरण अनुसार यस क्षेत्रमा ५९ हजार १८ जना पुरूष, ५६ हजार ८ सय ६९ जना महिला र यौनिक तथा लैङ्गिक अल्पसंख्यक दुई जना मतदाता छन् । अघिल्लो निर्वाचनमा कायम मतदाता संख्याभन्दा यसपटक ५ सय ४७ बढी मतदाता थपिएका छन्।

अघिल्लो निर्वाचनमा यस क्षेत्रमा १ लाख १५ हजार ३ सय ४२ मतदाता थिए। इलाम–२ मा ६ स्थानीय तहका ४२ वडा छन्। चुलाचुली गाउँपालिका, माङसेबुङ गाउँपालिका, फाकफोकथुम गाउँपालिका र देउमाई नगरपालिका पूरै तथा इलाम नगरपालिका (१० वडाबाहेक) र माई नगरपालिकाका–६, ७ र ८ वडा पर्दछन्। चुलाचुलीमा १८ हजार ५ सय ४५, माङसेबुङमा १२ हजार ५ सय ३६, फाकफोकथुममा १६ हजार ३ सय दुई, देउमाईमा २६ हजार ३ सय ६५, इलाममा (१० वडा बाहेक) ३४ हजार ४५ र माइका–६, ७ र ८ वडामा ८ हजार ९६ मतदाता रहेको आयोगले जनाएको छ। यहाँ ७९ मतदानस्थल र १ सय ४९ मतदान केन्द्र रहनेछन्। वैशाख १५ गते बिहान ७ बजेदेखि साँझ ५ बजेसम्मलाई मतदानको समय तोकिएको छ।

यस क्षेत्रका प्रतिनिधिसभा सदस्य सुवासचन्द्र नेम्बाङको २०८० भदौ २६ गते निधन भएपछि उपनिर्वाचन हुन लागेको हो । उपनिर्वाचनलाई भयरहित स्वच्छ र शान्तिपूर्ण बनाउन जिल्ला निर्वाचन कार्यालयले गरिरहेका प्रयास, आचारसंहिता उल्लङ्घन, सुरक्षा व्यवस्था र मानव अधिकारका सवाल जोडिएका विषयमा जिल्ला निर्वाचन अधिकारी देवीचरण फूयँलसँग मनोज अधिकारीले गरेको कुराकानीः

**उपनिर्वाचनको व्यवस्थापन कसरी हुँदैछ ?**
मतदानस्थलमा पुर्याउने सामग्री प्याकेजिङ गरेर पठाउन तयार बनाएका छौँ। जनशक्ति व्यवस्थापन समितिले निर्णय गरेर पठाएको जनशक्तिबाट मतदान केन्द्रमा आवश्यक पर्ने जनशक्तिलाई अभिमुखीकरण दिएर वैशाख १२ गते साँझ ४ बजे अगावै तोकिएको मतदानस्थलमा पठाउने तयारी गरेका छौँ।

**निर्वाचन आचारसंहिता उल्लङ्घनका घटना सार्वजनिक भएका छन् ? इन्सेकले आचारसंहिता उल्लङ्घनको अनुगमन गरिरहेको छ। कारबाहीको अवस्था के छ ?**
सामान्य अवस्था छ । तीन उजुरी परेकामा दुई वटा एकै दल र व्यक्तिको लागि र अर्को फरक थियो । हामीले उहाँहरूलाई आचारसंहिता विपरीतका प्रचारप्रसार सामग्री हटाउन अनुरोध गरेर स्पष्टिकरणको व्यहोरा लेखेर सोध्यौँ । उहाँहरूले अब साम्य भइसक्यो भनेर भन्नुभयो। बाँकी त्यस्तो उल्लेखनीय केही छैन। आचारसंहिता उल्लङ्घन भएको उजुरी परेमा हामी तत्काल कारबाही गर्छौँ।

**वैशाख ६ गते सदरमुकाममा आचारसंहिता विपरित 'नो भोट' अभियान चल्यो। निर्वाचन कार्यालयमा उजुरी परेन ?**
यस विषयमा हालसम्म केही भएको छैन। उजुरी परेको सम्बन्धमा आचारसंहिता अनुगमन समिति छ । मुख्य निर्वाचन अधिकृत संयोजक, प्रमुख जिल्ला अधिकारी सहसंयोजक, जिल्ला प्रहरी कार्यालय प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालयको कोष नियन्त्रकज्यूलाई आचारसंहिता अनुगमन अधिकृत तोकिएको छ। उहाँहरूले त्यो विषयलाई नोटिसमा राख्नुभयो । आमसभा भने भयो। तर, वक्ताले भाषण गर्दा मतदातालाई प्रभावित पार्ने जस्तो नदेखिएका कारण 'एक्सन'मा जानुपर्ने अवस्था भएन।

**प्रमुख ठूला दलका नेता कार्यकर्ताको बाक्लो उपस्थिति जिल्लामा भइरहेको छ । उहाँहरूबाट आचारसंहिता उल्लङ्घन भइरहेको वा हुन सक्ने अवस्था देखिएन ?**
भइरहेको अवस्था पनि छैन । खतराको सम्भावना पनि छैन । आचारसंहिताले उहाँहरूलाई कतिसम्म घुम्न पाउने कहाँबाट स्वीकृति लिने भन्ने व्यवस्था गरेकै छ । उहाँहरूबाट निर्वाचन प्रभावित गर्ने खालका कार्य भएको हालसम्म पाइएको छैन । आचारसंहिता अनुगमन संयन्त्र भएकाले त्यसमा हामी सचेत र चनाखो छौँ।

**ज्येष्ठ नागरिक वा अपाङ्गता भएकालाई सहज रूपमा मतदान केन्द्र पुगेर मताधिकार प्रयोग गर्न सरोकारवालाहरूसँग समन्वयको अवस्था के छ ?**
हामी उपलब्ध भएसम्मको पूर्वाधार, साधनश्रोत प्रयोग गरेर सहज बनाउने भरपुर प्रयासमा छौँ । मतदान अधिकृतहरूलाई ज्येष्ठ नागरिक, अशक्त वा अपाङ्गता भएकालाई फरक व्यवहार र सम्वेदनशील भएर मतदान गराउने वातावरण सिर्जनाका लागि अभिमुखीकरण कार्यक्रममा जानकारी गराउने छौँ।

**यसपटक कैदीबन्दीको मताधिकारको अधिकार हुन्छ कि हुँदैन ?**
यसपटक अस्थायी मतदान केन्द्र र अस्थायी मतदाता नामावली हुँदैन। समानुपातिक मतदान गर्ने प्रयोजनका लागि मात्रै अस्थायी मतदाता नामावली र अस्थायी मतदान केन्द्र स्थापना गरिएको हुन्छ। त्यसकारण यसपटक कैदीबन्दीले मताधिकारको अधिकार प्रयोग गर्न पाउनु हुन्न। यो प्रत्यक्ष निर्वाचन प्रणाली हो।

**सुरक्षा व्यवस्था मजबुत बनाउन जिल्ला प्रशासनसँग कस्तो समन्वय गर्नु हुँदैछ ?**
हाम्रो तह र स्तरसम्म समन्वय भएकै छ। उपनिर्वाचनलाई मध्यनजर गरी जिल्ला प्रशासनले २०८१ वैशाख २ गतेदेखि नै इलाममा मदिरा बिक्रीमा रोक लगाएको छ। वैशाख २ गतेदेखि १५ गते निर्वाचन सम्पन्न भएर मत गणना नसकिएसम्मका लागि मदिरा बिक्रीमा प्रतिबन्ध छ। निर्वाचन पूर्व, निर्वाचनको समय र निर्वाचन पछिको समयमा शान्ति–सुरक्षामा असर पर्ने भएपछि यो गरिएको हो।

इलाम–२ मा उपनिर्वाचनका लागि निर्धारण गरिएका सबै मतदानस्थल 'अति सम्वेदनशील' मानिएका छन् । इलाममा उपनिर्वाचन हुँदा देशभरको ध्यान एकैठाउँमा केन्द्रित भएको र बाहिरबाटसमेत आउजाउ बढी हुनसक्ने भएकाले सबै मतदानस्थल सुरक्षाका दृष्टिले अति सम्वेदनशील मानिएको छ । निर्वाचनमा आवश्यक पर्ने मतपेटिका र मतपत्रसहितको निर्वाचन सामग्री जिल्लामा आइसकेको छ । मतदान अधिकृतसहित निर्वाचनमा खटाइने ७ सय ४९ जना कर्मचारीको सूची तयार भएको छ।

योसँगै प्राप्त भएका मतपत्र रूजु गरिँदैछ। अब मतदान अधिकृत र सहायक मतदान अधिकृतलाई प्रशिक्षण दिएर आवश्यक सामग्रीसहित मतदानस्थलमा खटाउने तयारी छ। प्रमुख जिल्ला अधिकारी संयोजक रहेको जिल्ला सुरक्षा समितिले इलामका सबै मतदान स्थललाई अति सम्वेदनशील सूचीमा राखेर सुरक्षा योजना बनाएको छ। उपनिर्वाचनमा मतदान अधिकृत र सहायक मतदान अधिकृत सहित ८ सय ९४ जना कर्मचारी खटाइँदैछ। निर्वाचनको सुरक्षाका लागि ३ हजारभन्दा बढी सुरक्षाकर्मी खटाइने छ। हाम्रो कार्यालयले वैशाख ११ गतेसम्मका लागि ८४ जना मतदाता शिक्षा स्वयम्सेवक खटाएको छ । योसँगै मतदान स्थलमा आवश्यक पर्ने सबै खालका सामग्री व्यवस्थापन भइसकेको छ।

**उपनिर्वाचनलाई भयरहित, निश्पक्ष र शान्तिपूर्ण बनाउन निर्वाचन कार्यालयले थप के के गरिरहेको छ ?**
निर्वाचन हो। यो हप्ता अलिक संवेदनशील नै हुन्छ। सहजै भए पनि हामीले चैँ सचेत भएर काम गर्नुपर्ने अवस्था छ। अरू ठीकै छ। समग्रमा निर्वाचनसँग असन्तुष्ट पक्ष यहाँ देखिनु भएको छैन । मुलुकको एकमात्रै ठाउँमा प्रतिनिधिसभाको चुनाव भइरहेकाले सबैको ध्यान तानिनु स्वभाविक हो । धेरै बढी आवागमन देखिएपनि असहज अवस्था सिर्जना हुँदैन कि भन्ने अपेक्षा राखिएको छ। त्यस्तो केही भए सुरक्षाले नोटिस पनि राखेको छ। सोही बमोजिम व्यवस्थापन कार्ययोजना बनेको छ । मतदान केन्द्रका वर्गीकृत सुरक्षा योजना बनेको छ। ढुवानी कार्ययोजना बनेका छन् । निर्वाचनमा संलग्न सहभागी सबै पक्षको सुरक्षा व्यवस्थापनको लागि पनि कार्ययोजना बनेकै छ। उपनिर्वाचनलाई भयरहित, निश्पक्ष र शान्तिपूर्ण बनाउन निर्वाचन कार्यालय सक्रिय छ।

# सोह्रौँ योजनाले पूर्वाधार र प्रविधि विस्तारमा जोड दिएको छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले १६औँ योजनामा एकीकृत पूर्वाधार निर्माण र सूचना प्रविधिको विस्तार तथा उपयोगमा विशेष जोड दिइएको बताएका छन् । राष्ट्रिय विकास परिषद्को बैठकको उद्घाटन सत्रलाई बिहीबार यहाँ सम्बोधन गर्दै उनले कृषिको व्यवसायिकीकरण, उत्पादनमूलक उद्योग, रोजगारमूलक शिक्षा तथा स्वास्थ्य क्षेत्रको गुणस्तर वृद्धिमा १६औँ योजना केन्द्रित हुने बताए । ‘पर्यटन प्रवद्र्धन र आन्तरिक रोजगार अभिवृद्धि एवम् एकीकृत बस्ती विकासमा उच्च प्राथमिकता दिनुपर्नेछ’, प्रधानमन्त्री दाहालले भने, ‘यसका लागि योजनाले स्वदेशी तथा वैदेशिक लगानी अभिवृद्धिसहित युवा केन्द्रित सुरूआती पुँजी लगानीमार्फत नवीनता र उद्यमशीलता विकासमा जोड दिन आवश्यक छ ।’

आर्थिक समृद्धिको संवाहकका रूपमा निजी क्षेत्रलाई आत्मसात् गर्दै सहकारी, सामुदायिक एवम् गैरसरकारी क्षेत्र र विकास साझेदारलाई सहयोगी भूमिकामा योजनाले अङ्गीकार गरेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सोच, लक्ष्य र लगानीको अनुमान उपयुक्त हुनेगरी योजना तयार हुने विश्वास व्यक्त गरे । योजना सफल कार्यान्वयनका लागि तीनै तहका सरकारको सहकार्य, सहयोग र समन्वय अपरिहार्य रहनुपर्ने बताउँदै उनले पर्याप्त लगानी तथा सार्वजनिक खर्च जुटाउनका लागि सबै तहका सरकारले विवेकपूर्ण राजस्व परिचालन गर्नुपर्नेमा जोड दिए । ‘योजना अवधिमा विभिन्न स्रोतको साथै निजी क्षेत्रको ठूलो लगानीको अनुमान गरिएको छ’, प्रधानमन्त्री दाहालले भने, ‘यस क्षेत्रको भूमिकालाई प्रभावकारी बनाउन लिइएका लक्ष्य, उद्देश्य तथा रणनीतिबाट योजना अवधिमा लगानी, उत्पादन, उत्पादकत्व र रोजगारी अभिवृद्धि गरी आर्थिक क्रियाकलाप विस्तारमा सहयोग पुग्ने अपेक्षा छ ।’ सबै पक्षलाई समेटेर नियमित र नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयनमा जोड दिनुपर्ने बताउँदै प्रधानमन्त्रीले अब आर्थिक सुधारको एकीकृत ढाँचा राष्ट्रिय योजना आयोगले सबैं निकायको समन्वयमा तयारगरी कार्यान्वयन गर्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री दाहालले भने, ‘तीनै तहका सरकार, निजी क्षेत्र, सहकारी र विकास साझेदारलगायतका सबैको सहकार्य र प्रभावकारी समन्वयबाट योजनाले लिएको औसत आर्थिक वृद्धि हासिल हुनुका साथै अन्य सामाजिक तथा पर्यावरणीय लक्ष्य हासिल हुनेमा म विश्वस्त छु ।’ नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले कृषिमा मुलुकलाई आत्मनिर्भर बनाउने सम्भावना रहेको उल्लेख गर्दै सोह्रौँ योजनामा कृषिलाई प्राथमिकतामा राख्नुपर्ने बताए । ‘वनजन्य तथा खनिजजन्य उद्योग स्थापना गर्नुपर्छ, नीतिगत त्रुटि हटाएर जानुपर्छ’, उनले भने, ‘निजी क्षेत्रलाई विश्वासमा लिएर सरकार अघि बढ्नुपर्छ, निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनुपर्छ ।’

जलविद्युत् र पर्यटन क्षेत्रले विकासबाट मुलुकमा महत्वपूर्ण टेवा मिल्ने उल्लेख गर्दै उनले यी क्षेत्रमा सरकारले पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने बताए । राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति एवम् श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले भ्रष्टाचारको अन्त्य गरी सुशासन कायम गर्न राजनीतिक दल, कर्मचारीतन्त्र र आम नागरिक एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिए । ‘मुलुकको विकास र समृद्धिका लागि आवश्यक स्रोत साधन मुलुकमै हुँदा पनि कानुनी उल्झनले गर्दा आयातमा निर्भर हुनुपरेको छ’, उनले भने, ‘उपलब्ध साधनस्रोतको उपयोग गर्न ऐन कानुनमा सुधार गर्नपर्छ, उत्पादन अभिवृद्धि गरेर जानुपर्छ, आयातमा मात्रै निर्भर हुन हुँदैन ।’

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष एवम् उपप्रधानमन्त्री एवम् स्वास्थ्य तथा जनसंख्यामन्त्री उपेन्द्र यादवले सङ्घीयतालाई मजबुद बनाउने गरी योजना अघि बढाइनुपर्ने बताए । ‘प्रदेशमा जनशक्ति छैनन्, प्रभावकारी कामका लागि कानुन छैनन्, उनले भने, ‘प्रदेशलाई स्रोत र साधनबाट सबल नबनाइ मुलुकको समृद्धि हुन सक्दैन ।’ उनले मुलुकको विकासका लागि योजनाबद्ध विकास अवधारणा अघि बढाइनुपर्नेमा जोड दिए । नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष एवम् पूर्वमन्त्री रञ्जिता श्रेष्ठले राजनीतिक तथा न्यायिक क्षेत्रमा सुशासन कायम गर्ने, स्वास्थ्य शिक्षा, रोजगार, आवास र अन्य क्षेत्रमा सामाजिक न्याय स्थापित गरी राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाइनुपर्ने बताए । ‘सोह्रौँ योजनाले लिएको लक्ष्य र उद्देश्य हासिल गर्न सबै तहबीचको अन्तरसम्बन्ध मजबुद बनाइ कार्यात्मक क्षमताको भरपुर उपयोग गर्नुपर्छ, सबै राजनीतिक दल जिम्मेवार र एकताबद्ध भई मुलुकको समृद्धिका निम्ति साझा लक्ष्यका साथ अघि बढ्न जरुरी छ’, उनले भने । पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले मुलुकको आर्थिक विकासमा प्राथमिकताप्राप्त आयोजना छनोट गरेर जानुपर्नेमा जोड दिँदै उनले आयोजना छनोट र बजेट विनियोजनमा विशेष ध्यान दिइनुपर्ने बताए । पूर्वअर्थमन्त्री डा युवराज खतिवडाले पछिल्लो समय अर्थतन्त्रमा सुधार हुँदै गएको उल्लेख गर्दै कम लगानीबाट बढि प्रतिफल लिने नीति अख्तियार गरिनुपर्ने बताए । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मीनबहादुर श्रेष्ठले आयोगको पुनःसंरचना गरेर कानुनीरुपमा थप सबल बनाएर जानुपर्ने बताए ।

आयोगलाई सबल बनाउन सकेको खण्डमा मात्र १६औँ योजनाका रणनीति र कार्यानीति कार्यान्वयनका लागि सहज हुने धारणा व्यक्त गरे । कार्यक्रममा सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने संसदीय दलका नेताहरु, उपप्रधानमन्त्रीहरु, मुख्यमन्त्री, सङ्घीय संसद्का समितिका सभापति, राष्ट्रिय सुरक्षा सल्लाहकारलगायतको उपस्थिति थियो ।




# ‘विदेश उत्तम, स्वदेश खत्तम’ भन्ने बुझाई गलत छः राई

*रासस*
*काठमाडौँ ।*
*जनता समाजवादी पार्टी (जसपा) नेपाल, सङ्घीय परिषद् अध्यक्ष अशोककुमार राईले राजनीतिक नेतृत्वको मनोवृत्ति र मनोविज्ञान ‘म र मेरो’ भन्दा माथि उठ्न नसकेका कारण देशप्रतिको कर्तव्य निर्वाहमा इमानदारी नदेखिएको बताएका छन् । उनले नेपालले हाल अवलम्बन गरिरहेको मिश्रित निर्वाचन प्रणाली र शासकीय स्वरूपबीच तालमेल नभएकाले मुलुकको राजनीति र सरकारको स्थायित्व नभएको बताए । पूर्वमन्त्री राईले भने, ‘ ‘म र मेरो’ भनिरहँदा ‘मेरो देश’ भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य पालनामा कमी भएको हो कि भन्ने महसुस हुन्छ । अहिले हामीले अभ्यास गरिरहेको शासकीय स्वरूप र संसदीय प्रणाली पनि स्वस्थ्यकर देखिन्न ।’ झापा आन्दोलनको प्रभावबाट २०२९ सालमा वामपन्थी राजनीतिमा प्रवेश गरेका राईले तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माले)को कोअर्डिनेसन केन्द्रको २०३३ मा सदस्यता लिए । विसं २०३५ मा भूमिगत भएका उनी २०४६ मा नेकपा (माले) को केन्द्रीय सदस्य भए । विसं २०४८ मा खोटाङबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित राई २०५१ मा नेकपा (एमाले) स्थायी कमिटी सदस्य र २०६५ मा सोही दलका उपाध्यक्ष भए । विसं २०६९ मा एमाले परित्याग गरी सङ्घीय समाजवादी पार्टीका संस्थापक अध्यक्ष भएका उनी २०७० मा संविधानसभा सदस्य भए । विसं २०७९ को चुनावमा सुनसरी निर्वाचन क्षेत्र नं १ बाट प्रतिनिधिसभा सदस्य निर्वाचित राई अघिल्लो सरकारमा शिक्षा तथा विज्ञान प्रविधिमन्त्रीको जिम्मेवारीमा थिए । उनले यसअघि पनि निर्माण तथा यातायात, कानुन, न्याय तथा संसदीय मामिला र स्वास्थ्य तथा वातावरणमन्त्रीका रूपमा तीन पटक कार्यभार सम्हालिसकेका छन् । उनका ‘अँध्यारोभित्रको लिलिङ्ङ्गा’ कविता सङ्ग्रह सहलेखनका रूपमा आएको छ भने ‘शब्दाञ्जलि’ संस्मरण, ‘पहिचानमाथिको प्रश्न’ अन्तर्वार्तासङ्ग्रह प्रकाशित छ । पूर्वमन्त्री राईसँग लिइएको अन्तर्वार्ताको सम्पादित अंशः*



**वर्तमान संसदीय अभ्यासलाई तपाईँले कसरी लिनुभएको छ ?**
अहिले हामीले गरिरहेको संसदीय अभ्यास स्वस्थ्यकर देखिन्न । पहिलो कुरा संविधान नै संसदीय र सङ्घीय दुई शासकीय प्रणाली तथा मिश्रित निर्वाचन प्रणाली रहने गरी बनाइयो । यो सम्मिश्रण संविधानमा छ । यी एकापसमा नमिल्ने विषय हुन् । मिश्रित वा समानुपातिक निर्वाचनमा जाने हो भने राष्ट्रपतीय प्रणाली राखौँ, होइन भने मिश्रित निर्वाचनले राजनीतिक स्थिरता दिँदैन भन्ने विषय संविधानसभाकै बखत नेतालाई धेरै अनुरोध गरिएको थियो । अहिले अपनाएको शासकीय स्वरूप राष्ट्रपतीय र संसदीय दुबै होइन । केही विशेषता संसदीय राखेर समावेशिताका निम्ति मिश्रित निर्वाचन प्रणाली राखेर आइयो । त्यसो भएर जतिसुकै पवित्र आकाङ्क्षा भए पनि संवैधानिक व्यवस्थाले नै अस्थिरताको विकार लिएर आएको छ । हामीले मुलुकमा ठुलो राजनीतिक परिवर्तन गरी लोकतन्त्र ल्याएका छौँ, त्यसको सुदृढीकरणका अभ्यासमा छौँ, तर हाम्रा नेताका मनोवृत्ति र मनोविज्ञान ‘म र मेरो’ भन्दा माथि उठ्न सकेको छैन । तर मेरो भनिरहँदा ‘मेरो देश’ भन्नेचाहिँ देखिन्न । उहाँहरूमा देशप्रतिको कर्तव्य मधुरो रहेको हो कि भन्ने महसुस हुन्छ ।

**राजनीतिक दल र व्यक्ति विशेषका महत्त्वाकाङ्क्षा तथा इच्छामा भइरहने सत्ताको फेरबदललाई प्रणालीसँग जोड्न मिल्छ ?**
राजनीतिक स्थायित्व नहुनामा मनोवृत्तिसँगै प्रणालीको पनि दोष छ । कसैलाई मन नपर्नासाथ विश्वास र अविश्वासको खेल सुरु हुन्छ । अहिलेको निर्वाचन प्रणालीकै कारण कसैको बहुमत आउनै नसक्ने स्थिति छ । अर्कातिर मनोवृत्ति पक्ष पनि बलियो छ, बहुमत पाएका अवस्थामा पनि पाँच वर्ष सरकार चलाउन नसकेको उदाहरण छन् । दुई तिहाइ होस् वा सहज बहुमत (कम्फर्टेबल मेजोरिटी) का समयमा पनि सरकार पूरा अवधि टिकाउन र चलाउन सकिएन । प्रतिपक्षले पाँच वर्ष पर्खन र सरकारको जिम्मा लिनेबाट पूरा अवधि टिकाउन नसकेको अवस्था छ । गएको ३२ वर्षको अनुभव र अभ्यास यही छ ।

**विधायकको मुख्य जिम्मेवारी कानुन निर्माण भए पनि पछिल्लो डेढ वर्षको अनुभव र प्रगतिको समीक्षा गर्दा कार्यसम्पादन कमजोर देखिएको छ, यसमा तपाईँको टिप्पणी के छ ?**
संसद् परिणाम दिने गरी कानुन निर्माण गर्न कमजोर छ । यसमा संसद् र सांसद दोषी छैनन् । सरकारले ‘बिजनेस’ दिँदैन भने संसद्ले के बनाउने भन्ने प्रश्न उब्जन्छ । संसद्लाई ‘बिजनेस’ सरकारले दिने हो । सरकार नै अस्थिरतामा रहन्छ भने कानुन कसरी बनाउन सक्छ ? संसदमा भएका विधेयकमाथि समितिमा छलफल चलि नै रहेका छन् । अरू ‘बिजनेस’ गएको छैन । संविधान कार्यान्वयनसँग जोडिएका ऐन कानुन पहिलो प्राथमिकतामा राख्नुपर्ने हो, त्यो भएको छैन । सरकारको अस्थिरतासँगै मन्त्रीमा हुने फेरबदलले कानुनमा ढिलाइ र अन्योलको अवस्था देख्छु । म केहीअघिसम्म शिक्षामन्त्रीका रुपमा कार्यरत थिएँ । त्यहाँ गएपछि मुलुकको शिक्षा प्रणालीमा अलमल र समस्या ऐन कानुनमा देखेँ । देशको समग्र शिक्षा र विज्ञान प्रविधिसँग सम्बन्धित ११ ऐन कानुन संशोधनका लागि सदनमा लगिएको थियो, सरकार फेरियो त्यो विषय अलमलमा परिहाल्यो । आगामी अधिवेशन बजेटमा केन्द्रित हुन्छ ।

**स्थायी सरकारका रुपमा रहेको कर्मचारीतन्त्रबाट पनि आवश्यक सहयोग भएन भन्ने कतिपय नेताको गुनासो सुनिन्छ । यसमा तपाईं के भन्नुहुन्छ ?**
हो, निजामतीतन्त्रमा अदब, अनुशासन र कार्यसम्पादन विगतका तुलनामा कमी छ । ‘सरकारको काम कहिले जाला घाम’ भनेजस्तो शिथिल अवस्था देखिन्छ । प्राप्त जिम्मेवारी कसरी छिटो सक्ने भन्ने हुटहुटी कम छ । व्यक्तिगत रूपमा केही सक्रिय, इमान्दार र पूरापुर काम गर्नुपर्छ भन्ने भावना देखिन्छ । तर समग्रमा कर्मचारीतन्त्रको ‘नट बोल्ट’ खुकुलोअर्थात् ढिलाढाला जस्तो छ । सही ढङ्गबाट नचलिरहेको जस्तो देखिन्छ । अन्तर–मन्त्रालय समन्वय जति हार्दिकतापूर्ण र तीव्र हुनुपथ्र्यो, त्यो पाइँन । रायका लागि पठाइएको फाइल तीन महिनादेखि तीन वर्षसम्म मन्त्रालयमा रोकिएर बस्ने अवस्था छ । नहुने भए त्यस समयमा हुन्न भन्नुपर्‍यो, हुने भए समयमै गर्न र बताउनुपर्‍यो । त्यस खालको समस्या देखियो । म चार वटा क्याबिनेटमा बस्दा त्यो भिन्नता पाएँ ।

**स्थायी सरकारका रूपमा रहेको राज्यको यो संयन्त्र किन शिथिल भयो ?**
हामीले कर्मचारीतन्त्रलाई राजनीतिकरण गर्‍यौँ । हरेक दलले आफ्ना समर्थकलाई गोप्यरूपमा सदस्य दिएर ट्रेड युनियन खोल्न लगायौँ । सामूहिक स्वार्थका लागि बोल्न एउटा ट्रेड युनियन दिन सकिन्थ्यो होला, तर हरेक राजनीतिक दलले कर्मचारी आफ्नो बनाउने होड चलायो । कर्मचारी संयन्त्रमा राजनीति प्रवेश गर्‍यो । कर्मचारीमा राष्ट्र, राष्ट्रियता, जनताप्रतिको कर्तव्य, ऐन कानुन, विधिभन्दा बढी मेरो पार्टी भन्ने मनोविज्ञान दिमागमा हुलिदियौँ । अर्कातिर भनेको, भ्रष्टाचार नियन्त्रण गर्न सकिएन । राजनीतिक नेताले पनि भ्रष्टाचार बेसरी गर्ने अनि कर्मचारीलाई पनि औजारका रूपमा प्रयोग गर्ने प्रवृत्ति छ । त्यस कारण राम्रा, इमान्दार कर्मचारी निरुत्साहित हुन पुगे । भ्रष्टाचार र अवसर प्राप्तिका निम्ति त्यस्तै खालका मानिसको प्रयोगले इमान्दारको उनीहरूको मनोबल खस्कियो । अर्कातर्फ अहिलेका निजामती कर्मचारी लोकसेवा उत्तीर्ण भए पनि समस्यालाई बुझ्ने र समाधानका उपाय निकाल्ने क्षमतामा कमी छ । अबको भर्ना छनोट प्रक्रियामा सुधार गर्नुपर्छ । घोकेर, रटेर पाठ्यक्रमभित्रको प्रश्नलाई कण्ठ गर्नेभन्दा सिर्जनात्मक परीक्षण विधि थप्नुपर्छ । कर्मचारीलाई चुस्त तुल्याउन समयबद्ध तुल्याउन तालिम दिनपर्छ ।

**स्थायी सरकारका सदस्यका रूपमा रहेका कर्मचारीको वृत्ति विकास, सरुवा र जिम्मेवारीमा पनि समस्या छ ?**
कर्मचारीलाई दक्ष, योग्य, कार्यकुशल बनाउनु सरकारको दायित्व हो । समयबद्ध तरिकाले तालिम, प्रशिक्षण, सरुवा र बढुवाको आवश्यकता छ । लामो समयदेखि एकतात्मक शासन प्रणालीको अभ्यास गरिआएकाले उनीहरूलाई सङ्घीयताको मर्म र भावना बुझाउन सकिएको छैन । सङ्घीयताको मर्म र भावनाबारे तालिम–प्रशिक्षण तथा विद्यालयको पाठ्यक्रममा समावेश गर्नुपर्छ । सङ्घीयता किन उत्कृष्ट शासन व्यवस्था हो, यो नेपालमा किन जरुरी छ भन्ने पाटो नबुझेर विरोध गरिएको छ । सङ्घीयतासँग सम्बन्धित करिब डेढ सय कानुन अझै बनाउन सकिएको छैन । त्यसैले प्रदेश कमजोर अवस्थामा छन् । प्रदेश टिकाइ मात्र राख्ने, काम गर्न नपाउने जस्तो अवस्था छ । सङ्घीयताको असल अभ्यास गर्ने हो भने सोहीअनुरूप ऐन, कानुन र संविधान संशोधन गरी कार्यान्वयन गर्नुपर्छ । त्यसका लागि कर्मचारीतन्त्रको पुरानो मनोविज्ञान र धङधडीलाई सङ्घीयतातर्फ उन्मुख गराउनुपर्छ । सङ्घले प्रदेश र स्थानीय तहलाई अधिकार नै दिन नचाहने प्रवृत्ति नेता र कर्मचारीमा छ । सरकार बाहिर बस्दा सङ्घीयता भन्ने तर सरकारमा गएपछि अधिकार किन दिने भन्ने प्रवृत्ति छ । यो अधिकार ऐन कानुन निर्माण गरेर हस्तान्तरण गर्नुपर्छ ।

**उपलब्धिको रक्षा र संविधानको प्रभावकारी कार्यान्वयनका लागि देशका प्रमुख शक्तिबीच एकता नभएको आरोप छ । तपाईँलाई केही भन्नुछ ?**
पाखुरा सुर्किएर झगडा गर्ने नेपाली समाजको प्रवृत्ति सदनमा पनि देखिन्छ । त्यो नभई दिए हुन्थ्यो भन्ने लाग्छ । एउटै कुरालाई अनेक कोणबाट प्रस्तुत गर्न सकिन्छ । सदनमा आफ्ना विषयवस्तु रोचक, घोचक र मननीय हिसाबले प्रस्तुत गर्न सकिन्छ । सदन खण्डनमण्डनभन्दा पनि राष्ट्रको मनन र चिन्तन गर्ने थलो हो । त्यहाँ नेतृत्वले नरम र उदाहरणीय ढङ्गबाट प्रस्तुत भइदियोस् भन्ने लाग्छ । नेता सदमार्ग देखाउने अगुवा हो । ऊ समाज र जनतालाई असल मार्ग देखाउने हिस्साबाट प्रस्तुत हुनुपर्छ । विगतमा संसदीय अभ्यास नजानेर, नबुझेर गलत कार्य भए । तर यसबीचमा सदनमा अलि बढी नै तहसम्म गयो कि भन्ने छ । सदनमा एउटाले बोलेको अर्काले खण्डन गरिरहनुपर्ने होइन । सदन वाद विवादको मञ्च होइन, त्यो खासमा जनताको आवाज राख्ने मञ्च हो, कानुनसम्बन्धी छलफल गर्ने स्थल हो । सभामुखतर्फ मुख फर्काएर बोल्नुपर्नेमा अर्कैतर्फ मुख फर्काएर बोलेकोजस्तो देखिन्छ ।

**संसद् र विषयगत समितिका बैठक गणपूरक सङ्ख्या नपुगेर स्थगत हुनु सांसदको कर्तव्य र अनुशासनसँग सम्बन्धित विषय होइन ?**

सांसदले आफ्नो जिम्मेवारी नबुझ्नुमा समस्या छ । विधायकले ऐन कानुन निर्माणको मूल भूमिका निर्वाह गर्नुपर्छ । जनताको अपेक्षा पानीको धारादेखि विश्वविद्यालयसम्मका लागि बजेट, कार्यक्रम र आयोजना ल्याउनुपर्छ भन्ने छ । जनताको इच्छामा मेरो जिम्मेवारी होइन भन्न सक्ने अवस्था छैन । त्यो भएर मन्त्रीलाई भेट्न मन्त्रालय धाउनुपर्ने स्थिति छ । हामी सबै धाइरहेकै छौँ । अहिलेको मानसिकता, प्रक्रिया र पद्धति नफेरिइन्जेल धाउनुपर्ने नै होला नि । समितिमा कोरम नपुग्ने विषय भने लाजमर्दो छ । समितिका बैठक छाड्नै हुन्न, अनिवार्य उपस्थित हुनुपर्छ । समितिमा अर्को गलत अभ्यास धेरैजसो सांसद सुरुमा हात उठाएर बोल्ने अनि हिँडिहाल्ने छ, त्यो हुनहुन्न । गहन र मसिनो छलफल गरी उपयुक्त निर्णय गर्नुपर्छ । त्यो नहुँदा गुणात्मक नीति र कानुन बनाउन हामीले ध्यान दिएका छैनौँ भन्ने लाग्छ ।

**प्रत्येक सरकारको प्राथमिकता सुशासन प्रवद्र्धन हो तर भ्रष्टाचार किन नियन्त्रण हुन सकेन ?**
भ्रष्टाचार भनेको मनोवृत्ति हो । अन्त्यन्त सम्पन्न मुलुकका नेता र नेतृत्व पनि भ्रष्टाचारमा मुछिएको देखिन्छ । यो पैसाको लेनदेन मात्रै पनि होइन, नीतिगत भ्रष्टाचार पनि धेरै छ । यो पाप र लोभसँग सम्बन्धित छ । लोभी मनोवृत्ति भएका मानिस पाप गर्न पुग्छन् । भ्रष्टाचार प्रणालीगत रूपमा संस्थागत भएको प्रतिवेदन र सेवाग्राहीले बताइरहेका छन् । तलदेखि माथिसम्म कमिसनतन्त्र मौलाउँदो छ । अर्कातर्फ प्रत्यक्ष निर्वाचन प्रणालीले पनि भ्रष्टाचारलाई बढाउने काम भइरहेको छ । निर्वाचनमा विभिन्न शक्ति, व्यक्ति र प्रवृत्तिले खर्च गरिरहेका हुन्छन् । हालको निर्वाचन प्रणालीले पार्टीलाई पैसा चाहिने अवस्था सिर्जना गरेको छ । त्यसका लागि उद्योगी, व्यापारीबाट चन्दामार्फत खर्च जुटाइन्छ । चन्दा लिने र दिने भएपछि नेताहरू दबाबमा पर्छन् । त्यो भएर हामीले प्रत्यक्ष निर्वाचन हटाएर समानुपातिकमा जाऔँ भनिरहेका छौँ । यसले समावेशीतालाई पनि सुनिश्चित गर्छ । प्रत्यक्ष निर्वाचित राष्ट्रपति बनाऔँ । सांसदबाट मन्त्री नबनाउने, स्वच्छ छवि भएका व्यक्तिलाई लैजाने व्यवस्था हुनुपर्छ । सरकारलाई स्थायित्व दिऔँ, भ्रष्टाचारलाई स्रोतमै रोकौँ भनेर संविधानसभामा म धेरै कराएँ । अहिले अभ्यासमा रहेको शासन प्रणाली ‘कक्टेल’जस्तो भयो, निर्वाचन पनि ठिमाहा बनाइयो । मिश्रित निर्वाचन प्रणाली विकृतिपूर्ण छ । यसले लेनदेनको अवसर गराउँछ । अब पूर्ण समानुपतिक प्रणाली अवलम्बन गर्नुपर्छ ।

**नेपालीले संसारमै विश्वासिलो छवि बनाएका छन् तर यहाँको राजनीतिप्रति अविश्वास किन ?**
बेरोजगारी समस्या र रोजगारीको अभावले पनि विदेश जाने युवा–विद्यार्थीको संख्या बढेको छ । आजको संसार विज्ञान, प्रविधि, यातायातका हिसाबले जोडिएर एउटा गाउँ र परिवारजस्तो भएपछि आवतजावत बढ्यो । अहिले जो जहाँ पनि पुग्न सक्ने अवस्था बन्यो । विकसित मुलुकमा न्यूनतम तलब–सुविधामा काम गर्ने श्रमिकको अभाव भयो । उनीहरूले हाम्रा मानिसलाई रोजगारी दिन थाले, अर्कातर्फ हाम्रो अर्थतन्त्र पनि कमजोर भयो । तुलनात्मक रूपमा विदेश गएकाहरूले बढी पैसा ल्याउन थाले । त्यो व्यक्ति गाउँमा जाँदा फुर्तीफार्ती बढ्यो, अनि अरू पनि त्यसबाट लालायित हुन पुगे । ‘विदेश उत्तम, स्वदेश खत्तम’ भन्ने मनोवृत्ति मौलाउँदै गयो । अनि ठूलो संख्यामा युवा–विद्यार्थी विदेश दौडन थाले । त्यसलाई रोक्न मनोवैज्ञानिक रूपमा देशप्रेम भर्नुपर्छ । अवसर यहीँ सिर्जना गर्नुपर्छ, अर्थतन्त्र सुदृढ गर्नुपर्छ । राज्य व्यवस्थाभित्रको ढिलासुस्ती, भ्रष्टाचार तथा सेवाग्राहीलाई हेप्ने र दुःख दिने प्रवृत्ति अन्त्य गर्नुपर्छ । स्वदेशका विश्वविद्यालयले समयमै अध्ययन–अध्यापन गराउने, परीक्षा लिने व्यवस्था गर्नुपर्छ, राष्ट्रभक्ति दिने शिक्षा दिलाउनुपर्छ । त्यो अनुभूति गराउनुपर्छ । तर यहाँ मुड्की बजाएर नेता हुने प्रवृत्ति छ । अब्बल विद्यार्थी नेता हुने अवस्था अहिले देखिन्न । गुण्डागर्दी गर्ने, तालाबन्दी गर्ने, प्राध्यापक कुट्ने नेता हुने प्रवृत्ति छ । त्यसो भएर असल र मेहनतीको विदेश पलायन बढेको हो ।

**एउटा व्यक्तिले सङ्कल्प गरेमा देशको विकास सम्भछ भन्ने छिमेकी मुलुकहरुको प्रगतिबाट प्रष्ट हुन्छ । तपाईंबाट पनि जनताले त्यही आशा गरेका छन् । के भन्नुहुन्छ ?**
मलेसिया र सिङ्गापुरको जस्तो उदाहरण विद्यमान शासन प्रणालीबाट नेपालमा एउटा व्यक्तिले गर्न र दिन सक्ने अवस्था छैन । राष्ट्रपतीय प्रणालीमा जाँदा आफूअनुकूलको मन्त्रिमण्डल बनाउन सकिन्छ । त्यस प्रणालीका आधारमा मात्र एउटा सज्जन, इमान्दार व्यक्तिको छनोट भएमा मुलुक बन्ने आधार तयार हुन्छ । अहिलेको प्रणालीमा एउटा नेता जतिसुकै सज्जन भए पनि केही लाग्दैन । खुट्टा तानेर लडाइदिन्छन् । शासकीय स्वरूपमा परिवर्तन गर्नैपर्छ । स्थानीय तहलाई पार्टी बाहिर राख्नुपर्छ । स्थानीय सरकारलाई सेवाग्राहीलाई सेवा उपलब्ध गराउन र विकास निर्माणमा संलग्न गराउनुपर्छ ।

**अन्त्यमा, केही भन्नुछ ?**
मतदाताले पनि मुलुकलाई सही ढङ्गले मार्गनिर्देश गर्न सक्ने नेतृत्व रोज्नुपर्छ । जनताले खोजिरहेको विकल्प उनीहरूको चाहना अनुसारको नपर्ने हो कि भन्ने मलाइ लागेको छ । निरास नै हुनुपर्ने अवस्था छैन । मुलुकले चाहेको जस्तो नेता मतका माध्यमबाट जन्माउनुपर्छ । त्यो क्षमता जनतामा छ । ती नै सर्वशक्तिमान् छन् । चित्त नबुझेका नेता र पार्टीलाई फालिदिने शक्ति उनीहरूमा छ । उनीहरूले त्यो अस्त्र प्रयोग गर्न सक्नुपर्छ ।

# तान्जानियामा मुसलधारे वर्षा १५५ व्यक्तिको मृत्यु



**एजेन्सी**
**तान्जानिया ।**
तान्जानियामा मुसलधारे वर्षापछि आएको बाढीमा परी कम्तीमाा १५५ जनाको मृत्यु भएको छ । वर्षाका कारण १५५ जनाको मृत्यु भएको छ भने अन्य २३६ जना घाइते भएको प्रधानमन्त्री कासिम मजालिवाले बिहीबार संसदलाई जानकारी गराएका हुन् । तान्जानियाको मुख्य भूमिको २६ इलाकामध्ये १४ इलाकामा आकस्मिक बाढी आएको छ, जसका कारण दुई लाख मानिस प्रभावित भएका छन् भने १० हजार घरमा क्षति पुगेको मजालिवाले सदन समक्ष जानकारी गराए । बाढीका कारण विद्यालयका पूर्वाधार, कृषिबाली, सडक, पुल, स्वास्थ्य संस्था र पशुचौपायामा क्षति पुगेको उनले बताए । मजालिवाका अनुसार बाढीबाट अति प्रभावित क्षेत्रका विद्यालय बन्द गर्न आदेश दिने जस्ता थप विपत्तिपूर्ण अवस्था आउन नदिन सरकारले कदम चालेको छ । 'तान्जानिया राष्ट्रिय सडक सञ्जाल, तान्जानिया ग्रामीण र शहरी सडक निकाय, र तान्जानिया रेलवे कर्पोरेसनलाई क्षतिग्रस्त सडकहरू र रेलवेहरूको तत्काल जीर्णोद्धारको लागि मूल्यांकन गर्न आदेश दिइएको छ,' उनले भने । तान्जानियाको मौसम विज्ञान प्राधिकरणका अनुसार अल–निनोको अवस्थाबाट प्रभावित भारी वर्षा मे महिनासम्म रहने अनुमान गरिएको छ ।

# मधेश र कर्णाली विजयी



**मधेशदृष्टि**
**वीरगंज ।**
काठमाडौँमा जारी वीर गणेशमान सिंह राष्ट्रिय टी–२० च्याम्पियनशिप अन्तर्गत बिहिबार सम्पन्न दुई खेलमा मधेश प्रदेश र कर्णाली प्रदेशले जित हात पारेका छन् । पहिलो खेलमा मधेश प्रदेशले सुदुरपश्चिम प्रदेशलाई तथा दोस्रो खेलमा कर्णाली प्रदेशले कोशी प्रदेशलाई पराजित गरेका हुन् । पहिलो खेलमा निर्धारित २० ओभरको खेल बराबरीमा सकिए पश्चात सुपर–ओभरमा धकेलिएको खेलमा मधेशले सुदुरपश्चिमलाई हराएको हो । टस हारेर ब्याटिंगको निम्तो पाएको मधेश प्रदेशले निर्धारित २० ओभरमा ७ विकेट गुमाएर १२१ रन बनाएको थियो । मधेशका लागि रोहन विकले सर्वाधिक ४६ रन तथा कप्तान राहुल मण्डलले २३ रनको योगदान गरे । सुदुरपश्चिमको बलिङ्गमा शेर मल्ल, हेमन्त धामी र नरेन साउदले समान २÷२ विकेट लिएका थिए । जवाफमा १२२ रनको सामान्य लक्ष्य लिएर मैदान उत्रिएको सुदुरपश्चिम प्रदेशले निर्धारित २० ओभरमा ८ विकेट गुमाएर १२१ रन बनाउदा खेल सुपरओभरमा धकेलिएको थियो । सुदुरपश्चिमको ब्याटिंगमा बसन्त खत्रीले ३८ र किरण ठगुन्नाले २३ रन बनाएका थिए। मधेशको बलिङ्ग तर्फ रन्जित कुमारले ३ विकेट हात परेका थिए । सुपरओभरमा मधेशका लागि बलिङ्ग गर्न आएका रन्जित कुमारले केवल ७ रन खर्चिएपछि टोलीले ८ रनको लक्ष्य पाएको थियो । मधेशले लक्ष्य एक बल बाँकी रहँदै पुरा गर्यो । यस्तै दिनको दोस्रो खेलमा कर्णाली प्रदेशले कोशी प्रदेशमाथि ५ विकेटको जित हात पार्यो । टस जितेर पहिले ब्याटिंग गर्ने निर्णय लिएको कोशी प्रदेश १९.३ ओभरमा केवल ९३ रनमा अल आउट भएको थियो । जवाफमा आफ्नो नेट रन रेट सुधार गर्दै शिर्ष दुईमा पर्ने सम्भावना कायम राख्न आक्रामक ब्याटिंग गरेको कर्णालीले ६.३ ओभरमा ५ विकेट गुमाएर लक्ष्य पुरा गर्यो ।




# लगानी सम्मेलन ऐतिहासिक कोशेढुङ्गा सावित हुनेछः उद्योगमन्त्री



*रासस*
*काठमाडौँ ।*
*'इमर्जिङ नेपाल इन्भेस्टमेन्ट समिट–२०२४' अर्को साता (वैशाख १६ र १७ गते) काठमाडौँमा आयोजना हुँदैछ । सम्मेलनका लागि सरकारले आन्तरिक तयारी तीव्र पारेको छ । विभिन्न ५० बढी देशका सात सयभन्दा बढी लगानीकर्ता सम्मेलनमा सहभागी हुने निश्चित भइसकेको छ । आर्थिक विकास र समृद्धि हासिल गर्न स्वदेशी पुँजीले मात्र नपुग्ने र विदेशी लगानी समेत चाहिने आवश्यकता बोध गरेर सरकारले यो लगानी सम्मेलन आयोजना गरेको हो । नेपालमा लगानीको उत्कृष्ट वातावरण छ, र यहाँबाट लगानीकर्ताले आफ्नो लगानीको प्रतिफल सजिलै लैजान सक्छन् भन्ने सन्देश सरकारले सम्मेलनमार्फत दिन चाहेको छ । त्यसका लागि कानुनी सुधार, लगानीका प्राथमिकता क्षेत्र निर्धारण, उत्पादित वस्तु तथा सेवाको बजार सुनिश्चितलगायत महत्वपूर्ण आधारहरु पनि अहिले सरकारले तयार पारेको छ । प्रस्तुत छ, यसै सन्दर्भमा लगानी सम्मेलनको तयारी, त्यसको उपलब्धि अनुमान तथा अपेक्षा र सम्मेलनमार्फत् नेपालले स्वदेशी एवम् विदेशी लगानीकर्तालाई दिन चाहेको सन्देशबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसँग गरिएको कुराकानीको सम्पादित अंशः*

**लगानी सम्मेलनका लागि अब निकै कम समय बाँकी छ । सम्मेलनको पूर्वतयारीका काम कसरी अगाडि बढिरहेका छन् ? सम्मेलनलाई सफल र नतिजामुखी बनाउन सरकारले कसरी काम गरिरहेको छ ?**

लगानी सम्मेलनलाई सफल बनाउन सरकारले आन्तरिक गृहकार्य र पूर्व तयारीका कार्यलाई निकै प्राथमिकताका साथ अघि बढाइरहेको छ । यससम्बन्धी आवश्यक कार्यहरु तीव्र रुपमा भइरहेका छन् । यो भन्दा अगाडि पनि नेपालले दुईवटा लगानी सम्मेलन आयोनजा गरिसकेको छ । ती सम्मेलनका अनुभव र अनुभूतिसमेतलाई ध्यानमा राखेर यो सम्मेलनलाई बढीभन्दा बढी नतिजामुखी बनाउने गरी सरकारले काम गरिरहेको छ । हामी जहिले पनि लगानीमुखी वातावरणको कुरा गर्छौं र लगानी भित्र्याउन आवश्यक छ मात्रै भन्छौँ, तर लगानीका लागि उपयुक्त खालको वातावरण सिर्जना र तद्अनुरुपको व्यावहारिक तदारुकतालाई कम महत्व दिन्छौँ । लगानी सम्मेलनलाई नै केन्द्रमा राखेर अहिले सरकारले विभिन्न कानुन संशोधन गर्ने र नीतिगत रुपमा रहेका प्रश्न तथा कठिनाइको निरुपण गरेको छ । कानुनमा रहेका कमीकमजोरीहरुलाई सुधारको प्रयास थालिएको छ । राज्यको शासकीय स्वरुप परिवर्तन भए पनि हाम्रा केही कानुनहरु समय सापेक्षित हुन सकेका थिएनन् । लामो समयअघि बनेका कानुनहरु संशोधन गर्दै जाने, अभ्यास गर्दै जाने खालको स्थितिले गर्दा केही समस्या थिए । अहिले ती संशोधनको प्रक्रियामा गएका छन् र समयसापेक्ष भएर कार्यान्वयनमा आउनेछन् । आन्तरिक तथा बाह्य पुँजी परिचालनका लागि कसरी सहज वातावरण तयार गर्न सकिन्छ भनेर हामीले निजी क्षेत्रसँगको पर्याप्त छलफलपछि कानुनी सुधारका प्रक्रिया अगाडि बढाएका हौँ । निजी क्षेत्रले दिएका सुझावहरु समेत समेटेर लगानीसम्बन्धी विभिन्न आठवटा कानुनलाई अध्यादेशमार्फत् संशोधन गर्ने गरी सोमबार मात्रै मन्त्रिपरिषद्ले निर्णय गरेको छ । अहिले नीतिगत रुपमा रहेका समस्या निरुपण भएर लगानीको वातावरण सिर्जना हुँदै गइरहेको छ । लगानी सम्मेलनका लागि थुप्रै मुलुकका लगानीकर्तालाई सम्मेलनमा भाग लिन निम्ता पठाएका छौँ । विभिन्न देशका कुटनीतिक नियोगमार्फत् पनि हामीले विभिन्न देशका लगानीकर्तालाई सम्मेलनबारे जानकारी गराएका छौँ । अत्यन्त उत्साहप्रद ढङ्गले लगानी सम्मेलनमा सहभागिता रहनेछ भन्ने विश्वास सरकारले लिएको छ ।

**यो सम्मेलनमार्फत् सरकारले लगानीकर्तासँग कस्तो अपेक्षा राखेको छ र उनीहरुलाई दिन खोजेको सन्देश के हो ?**

हामीसँग प्राकृतिक स्रोत साधन पर्याप्त छ । ऊर्जा, पर्यटन, कृषि, सूचना प्रविधि, पूर्वाधार निर्माण, उद्योग तथा उद्यमशीलता विकासका लागि राम्रो सम्भावना छ । हाम्रा यी स्रोत साधनमा आधारित रहेर हाम्रो समृद्धिको आकांक्षा पूरा गर्ने विषयलाई लगानीसँग जोड्न चाहन्छौँ । यी क्षेत्रमा लगानी गर्न हामीलाई पुँजीको आवश्यकता छ । लगानी गरेपछि त्यसको प्रतिफल प्राप्त हुन्छ भन्ने विश्वास लगानीकर्तालाई दिनु छ । हाम्रो प्राथमिकतामा रहेका क्षेत्र र आयोजनाप्रति लगानीकर्ताको चासो बढेको छ र स्वभाविक रुपमा उहाँहरु पनि लगानी गर्न इच्छुक हुनुहुन्छ । यसकारण सम्मेलन दुवै पक्षका इच्छा र आकांक्षा मिलान गर्ने थलो बन्नेछ ।

**अहिले सरकारले अध्यादेशमार्फत् केही कानुन संशोधन तथा सुधारको प्रयास थालेको छ । यी सुधारबाट लगानीका लागि राम्रो वातावरण बन्छ र निजी क्षेत्र सन्तुष्ट हुन्छ भन्ने आधार के छन् ?**

हामी निजी क्षेत्रसँग सहकार्य गरेरै अगाडि बढ्न चाहन्छौँ । हिजोका अभ्यास र कार्यशैली हेर्ने हो भने हामीले निजी क्षेत्रलाई प्रोत्साहित गर्न नसकेको हो कि जस्तो देखिन्छ । खासगरी मुलुकभित्र उद्योग र लगानीमैत्री वातावरण बन्न सकेन । यसका विभिन्न कारणहरु होलान् । कोभिड–१९ महामारी, विश्वव्यापी घटनाक्रमलगायत विभिन्न कारणले मुलुकमा आर्थिक सङ्कुचनको अवस्था देखियो । यो समयमा उद्योग र आन्तरिक उत्पादनको क्षेत्रलाई जसरी उठाउन सक्नुपथ्र्यो, त्यो नसकेको स्वीकार्नुपर्छ । उद्यमशीलता तथा उद्योग क्षेत्रको विकास हुँदा रोजगारी सिर्जना, आन्तरिक उत्पादन वृद्धि, स्रोतसाधनको उपयोगबाट समग्र मुलुकको अर्थतन्त्रलाई टेवा पु¥याउने कुरामा विगतका दिनमा राम्रो वातावरण बन्न सकेन । हिजोको अनुभवबाट शिक्षा लिएर पनि सरकार निजी क्षेत्रसँग सहकार्य गर्न खुला हृदयका साथ आह्वान गर्दछ । नीतिगत सुधारका प्रयास थाल्दा पनि हामीले निजी क्षेत्रसँग पर्याप्त छलफल गरेका छौँ र सुझाव लिएका छौँ

**तपाईं उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको जिम्मेवारीमा आएपछि के कस्ता सुधारका काम गर्नुभयो ? तपाईका आगामी योजना के छन् ?**

गत फागुन तेस्रो साता मैले मन्त्रालयको जिम्मेवारी सम्हाल्दै गर्दा उद्योग मन्त्रालयको वार्षिक कार्यप्रगति करिब पाँच प्रतिशत हाराहारी मात्रै थियो । चालु आर्थिक वर्ष सकिन अब करिब साढे दुई महिना जति मात्रै बाँकी छ । चालु आर्थिक वर्षको बजेटमा राखिएका थुप्रै योजना तथा कार्यक्रम कार्यान्वयनका लागि अहिलेसम्म पनि कार्यविधिहरु बन्न सकेका छैनन् । तर केही महत्वपूर्ण योजना तथा कार्यक्रम कार्यान्वयनको चरणमा गएका छन् । लामो समयदेखि टुङ्गिन नसकेको 'स्टार्टअप नीति' टुङ्गिएर कार्यान्वयनमा गएको छ । निजी क्षेत्रसँगसमेत सहकार्य गरेर स्टार्टअप नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सवालमा अहिले उद्योग मन्त्रालय गम्भीर भएर लागिपरेको छ । स्वदेशी वस्तु उपभोग कार्यविधि २०८० निर्माणको प्रक्रिया अन्तिम चरणमा छ । स्वदेशमा उत्पादित वस्तुको प्रयोगलाई बढावा दिन यो कार्यविधि बनेको हो । नेपाली उत्पादनले बजार नपाउने स्थितिको अन्त्य गर्नका लागि यो महत्वपूर्ण कदम हो । यही महिनाभित्रै त्यो कार्यविधि मन्त्रिपरिषद्बाट पारित भएर आउनेछ । चालु आर्थिक वर्षको बजेटमा परेको प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रमलाई कार्यान्वयनमा लैजाने तयारी अन्तिम चरणमा छ । औद्योगिक ग्राम र औद्योगिक क्षेत्र निर्माणका लागि बजेटमार्फत् घोषणा भएको थियो । त्यसको निर्माणको कार्यलाई पनि तीव्रता दिइएको छ ।

**तपाईंले औद्योगिक ग्राम र औद्यागिक क्षेत्र निर्माणको सरकारी योजनाको काम सुस्त देखियो भन्नुभयो । निकै महत्वाकांक्षाका साथ अघि बढाइएका यी योजना के कति कारणले समस्यामा परे र कार्यान्वयन हुन सकेनन् ?**

एउटा पालिकामा एउटा औद्योगिक ग्राम र एउटा प्रदेशमा एउटा औद्योगिक क्षेत्र निर्माण गर्ने गरी सरकारले योजना अघि बढाएको थियो । सुदूरपश्चिममा बन्ने भनिएको दैजी–छेला औद्योगिक क्षेत्रको रुख कटान अन्तिम चरणमा पुगेको छ ।
लुम्बिनी प्रदेशमा बन्ने भनिएको नौबस्ता औद्योगिक क्षेत्रमा यही वर्षभित्र ठेक्का प्रक्रिया शुरु गरिसक्ने सरकारको योजना छ । लक्ष्मीपुर औद्योगिक क्षेत्रको डिपीआर निर्माणको चरणमा छ । मोतिपुर, शक्तिखोर, मयुरधाप र दमक औद्योगिक क्षेत्र निर्माणका लागि प्रारम्भिक चरणका कामहरु भइरहेका छन् । यी औद्योगिक क्षेत्र निर्माणका काममा केही व्यवधानहरु देखिएको र ढिलाइ भएको स्वीकार्नुपर्छ । अहिले संशोधन गर्न लागिएका ऐनहरुले पनि ती व्यवधान फुकाउने अपेक्षा सरकारको छ ।

**रुग्ण उद्योगहरु र केही सार्वजनिक संस्थानहरुको व्यवस्थापनको विषय सधैं उठ्ने गर्दछ । सरकारले लगानी गर्ने तथा आर्थिक दायित्व बेहोर्ने तर प्रतिफल दिन नसक्ने उद्योगहरुलाई कसरी व्यवस्थापन गर्छ ?**

नेपालको औद्योगिक क्षेत्रको विकासका लागि विभिन्न समयमा स्थापित उद्योगहरु अहिले रुग्ण अवस्थामा पुगेका छन् । रुग्ण अवस्थामा रहेका र सञ्चालनमा आउन नसकेको उद्योगहरुलाई अहिले अर्थ मन्त्रालय अन्तर्गतको निजीकरण इकाइमार्फत् व्यवस्थापनको काम अघि बढाइएको छ । त्यस्ता उद्योगका सन्दर्भमा निजीकरण समितिले केही नीतिगत निर्णय गर्नुपर्ने हुन्छ । अब सरकारले उद्योग सञ्चालन गर्दैन । उद्योगी उद्योगीहरुले सञ्चालन गर्ने हो । निजी क्षेत्रलाई उद्योग सञ्चालनका क्षेत्रमा बढी केन्द्रित गर्छौं । लागत बढी रहेका उद्योगहरुमा बाह्य पुँजी पनि भित्र्याउँछौँ । हाल रुग्ण अवस्थामा रहेका तथा सञ्चालन बन्द भएका उद्योगलाई कसरी सञ्चालनमा ल्याउने भनेर नयाँ मोडालिटीमा हामी तय गर्छौं । सार्वजनिक निजी साझेदारीलगायत लगानीका विभिन्न अवधारणामा केन्द्रित रहेर हामीले त्यस्ता उद्योग सञ्चालनको उपयुक्त मोडालिटी निर्धारण गर्छौं ।

**नेपालले बढी वैदेशिक व्यापार गर्ने भारत, चीन बङ्गलादेशसँग गरेका व्यापार तथा पारबहन सन्धिहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको र केही मुलुकसँग त्यस्ता सन्धिहरु संशोधन गर्नुपर्ने अवस्थामा पुगिसकेका छन् । यस्ता सन्धिहरु पुनरावलोकन गर्ने विषयमा मन्त्रालयले कसरी काम गरिरहेको छ ?**

व्यापारसँग जोडिएका हाम्रा नीतिहरुको मुख्य प्राथमिकता भनेको नेपाली उत्पादनको निर्यात प्रवद्र्धन र बजारीकरण हो । हाम्रो व्यापार सन्तुलन कायम हुन सकेको छैन । स्वदेशी उत्पादित वस्तुले बजार नपाउने तर विदेशी वस्तु खपत गर्नुपर्ने अवस्था भनेको राष्ट्रिय समस्याकै रुपमा रहेको छ । यस्ता विषयलाई ध्यानमा राखेर हामीले वाणिज्य नीतिलाई नवीकरण तथा परिमार्जन गर्नु पर्नेछ । यो विषयलाई कुटनीतिक तवरले अगाडि बढाउनुपर्ने हुन्छ । नेपालमा उत्पादित वस्तु तथा सेवा विश्व बजारसम्म पुग्ने वातावरण बनाउनका लागि हाम्रा कुटनीतिक प्रयास जारी छन् । अहिले हामीले अघि बढाइरहेका विद्युतीय कारोबारसम्बन्धी विधेयक तथा बौद्धिक सम्पत्तीसम्बन्धी विधेयकहरुले पनि नेपालको व्यापार प्रवद्र्धनमा भूमिका खेल्नेछ भन्ने विश्वास हामीले लिएका छौँ । विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्रका हैसियतले अल्पविकसित मुलुकका रुपमा नेपालले व्यापारका क्षेत्रमा पाउनुपर्ने सुविधाका कुरालाई हामीले महत्वका साथ उठाइरहेका छ । सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसके पनि पनि विश्व व्यापार सङ्गठनले दिइरहेका व्यापारसम्बन्धी सुविधाको निरन्तरताका लागि पहल भइरहेको छ ।

**अन्त्यमा, लगानी सम्मेलन र मन्त्रालय तथा सरकारका कामकाजबारे तपाईलाई थप केही भन्नु छ ?**

लगानी सम्मेलनमा सहभागी हुन, यहाँको लगानी आवश्यकताबारे बुझ्न र बढीभन्दा बढी लगानी गर्नका लागि हामीले थुप्रै देशका लगानीकर्तालाई आमन्त्रण, आह्वान र आग्रह गरेका छौँ । हाम्रा छिमेकी राष्ट्र तथा मित्रराष्ट्रका लगानीकर्ता, दातृ निकाय, विकास साझेदारलाई नेपालका लगानीका सम्भावना पहिचान गराउने र लगानीका लागि आग्रह गर्ने सम्मेलनको मुख्य उद्देश्य हो । लगानीलाई हामी उत्पादन, रोजगारी र समग्र अर्थतन्त्रको पारस्थितिक प्रणालीसँग जोड्न चाहन्छौँ । यो कार्यमा हाम्रो आन्तरिक तयारी तीव्र रुपमा भइरहेको छ । लगानी सम्मेलनलाई सफल र नतिजामुखी बनाउन सरकारका प्राथमिकता केन्द्रित भएका छन् ।
हाम्रा आयोजनाको प्राथमिकीकरण गर्ने, त्यस्ता आयोजनामा लगानीकर्ताको चासो तथा लगानीको इच्छा बुझ्ने, राम्रा लगानीकर्तालाई त्यस्ता आयोजनामा आवद्ध गराउने र लगानी भित्र्याउने वातावरण निर्माणका लागि यो सम्मेलनले आधार निर्माण गर्नेछ । लगानी वातावरण निर्माणका लागि सरकारको तर्फबाट कुनै पनि कसर बाँकी रहँदैन र सम्पूर्णरुपले सरकारले सहयोग गर्छ भन्ने सन्देश लगानीकर्तालाई दिनु छ । नेपालले चाहेको समृद्धिको आकांक्षा पूरा गर्न यो सम्मेलन ऐतिहासिक कोशेढुङ्गा साबित हुनेछ भन्ने विश्वास हामीले लिएका छौँ ।

# नेपाल र कतारबीचको समझदारी ऐतिहासिक छन्ः राजदूत



**रासस**
**काठमाडौँ ।**
*कतारका अमिर (राजा) शेख तमिम विन हमाद अल थानीको नेपालको दुईदिने राजकीय भ्रमण सम्पन्न भएको छ । अरब मुलुकबाट राष्ट्र प्रमुखका हैसियतमा नेपालमा कसैको पनि उपस्थिति थिएन । पहिलोपटक कतार जस्तो आर्थिकरुपमा सम्पन्न मुलुकको अमिरबाट भएको नेपाल भ्रमणलाई ऐतिहासिक रुपमा अथ्र्याइएको छ । भ्रमणका क्रममा दुई देशबीच महत्वपूर्ण सहमति एवम् समझदारी पनि भएका छन् । कतारको अमिरको नेपाल भ्रमणको पर्दा पछाडि रहेर कतारका लागि नेपाली राजदूत डा नरेशविक्रम ढकालले महत्वपूर्ण भूमिका निर्वाह गरे । उनी दुई वर्षदेखि कतारका लागि नेपाली राजदूतका रुपमा क्रियाशील छन् । कतारका अमिरको नेपाल भ्रमण, भ्रमणका उपलब्धिलगायत विषयमा कतारका लागि नेपाली राजदूत ढकालसँग गरिएको कुराकानीको सम्पादित अंशः*

**हालै कतारका राजाको नेपाल भ्रमण सम्पन्न भएको छ । कतारको अमिरको भ्रमण मध्यपूर्व एसियाबाटै हालसम्मको उच्चस्तरको हो । कतारका लागि नेपाली राजदूतका रुपमा यहाँले पर्दापछाडि के–के तयारी गर्नुभयो ?**

प्रत्येक राजदूतले आफ्नो नियुक्तिको सिफारिसपछि संसदीय समितिमा आफ्नो कार्ययोजना प्रस्तुत गर्नुपर्ने हुन्छ । मैले समितिमा प्रस्तुत गरेको कार्ययोजनामा १३ योजनामध्ये दोस्रो नम्बरमा कतारको अमिरको नेपाल भ्रमणको गराउँछु भन्ने थियो । तत्पश्चात कतारमा नेपाली राजदूतका हैसियतले मैले पदभार ग्रहण गरेँ । त्यसपछि कतारका अमिरसँग ओहोदाको प्रमाणपत्र पेस गर्ने क्रममा उहाँसँग नेपाल भ्रमणको सन्दर्भ उठान गरेँ । त्यतिबेला उहाँले आफू फिफा विश्वकप २०२२ का कारण अत्यन्त व्यस्त रहेको र २०२३ मा उपयुक्त समय पारेर नेपाल भ्रमण गर्ने जवाफ दिनुभएको थियो । त्यसपछि म निकै नै उत्साही भएँ । दुई वर्षका अवधिमा मैले पाँच पटक कतारको अमिरसँग भेटवार्ता गर्ने अवसर पाएँ । कतारमा अमिरले २०२३ भित्र नेपालको भ्रमण गर्ने विषय प्रथम चरणको भेटमा नै आश्वासन दिनुभएको थियो । त्यसैअनुसार २०२३ को नोभेम्बर ६–७ मा अमिरले नेपाल भ्रमण गर्ने मिति तय भयो । विशेष कारणले निर्धारित मितिमा भ्रमण हुन नसके पनि त्यसको करिब छ महिनाभित्र यो भ्रमण सम्भव भयो ।

**कतारका अमिरको नेपालको दुईदिने भ्रमण कति उपलब्धिपूर्ण रह्यो ?**

अरब मुलुकबाट प्रायःजसो राष्ट्रप्रमुखका हैसियतमा नेपालमा कसैको पनि उपस्थिति थिएन । पहिलोपटक कतार जस्तो आर्थिक रुपमा सम्पन्न मुलुकको अमिरबाट नेपालको भ्रमण हुनु आफैँमा ऐतिहासिक विषय हो । यस भ्रमणबाट हामीले धेरै अपेक्षा पनि गरेका छौँ । यद्यपि, तत्काल हेर्दा केही समझदारीमा हस्ताक्षर भएको देख्दा कसैले कम आँकलन गर्न पनि सक्नुहोला । तर यसको ऐतिहासिक महत्व छ । यस भ्रमणले अन्य अरब मुलुकका राष्ट्र प्रमुखलाई नेपालमा भ्रमण गर्ने प्रेरणा प्रदान गरेको छ । हामीले नेपालसँग फरक ढङ्गले द्विपक्षीय सम्बन्ध विकसित गर्नुपर्छ भन्ने सन्देश दिएको छ । कतारमा रहेका नेपालीलाई अन्य मुलुकका नागरिकले हेर्ने दृष्टिकोणमा व्यापक प्रभाव परेको छ । अमिरले रुचाएको र भ्रमण गरेको मुलुक र त्यो देशका नागरिक भनेर नेपाली नागरिकलाई हेर्ने दृष्टिकोणका ठूलो परिवर्तन आउँछ । त्यसकारण अमिरको नेपाल भ्रमण महत्व आफैँमा शब्द, अङ्क, तथ्याङ्कमा विश्लेषण गरेर देखिने नभई आत्मसात गर्ने र यसको परिणाम तत्काल देखिने भएकाले मैले यसलाई अत्यन्त ठूलो महत्वका साथ हेरेको छु ।

**कतारका अमिर र प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’बीच द्विपक्षीय भेटवार्तापछि नेपाल र कतारबीच विभिन्न आठ वटा सहमति र समझदारीमा हस्ताक्षर भएका छन् । यी समझदारी कति पूर्ण छन् ?**

हाम्रा आवश्यकता अलग खालका थिए । आपसी समझदारीपत्रमा हस्ताक्षर हुँदा हाम्रो आवश्यकताभन्दा फरक भयो कि भन्ने महसुस सबै हुन सक्छ । यो स्वभाविक हो । सहमतिको बुँदा हेर्दा के देखाउँछ भनेर हे¥यो भने साँधुरो छ । भित्री कुरा के हो भनेर हेर्दा आठ वटा समझारीले व्यापक क्षेत्र ओगटेको छ । यसका कारण यो आफँैमा यसले व्यापकता ओगटेकोे छ । यसको परिणाम हेर्न हामीले व्यापक तयारी गर्नुपर्छ ।

**पक्षीय भेटवार्ताका क्रममा कतारका अमिर र प्रधानमन्त्रीबीच सहकार्यमा सहजीकरण गर्न संयुक्त कार्यदल बनाएर जाने सहमति भएको छ । उक्त कार्यदलले कहिलेसम्म मूर्त रुप लिन्छ र कुन कुन क्षेत्रमा काम गर्छ ?**

भेटमा प्रधानमन्त्री दाहालले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्र्तराष्ट्रिय विमानस्थलमा कतार एयरलाइन्सको उडान होस् भन्ने कुरा राख्नुभएको थियो । नेपालले पर्यटन, कृषि र ऊर्जालाई प्राथमिकता दिएको अवस्था छ । कतार राजा अमिरले पनि यही विषयमा सम्भवनाको खोजी र अनुसन्धान गरेर त्यसका आधारमा लगानी गर्नका लागि संयुक्त कार्यदल बनाएर अघि बढ्ने बताउनुभयो । कतारका अमिरको भ्रमण भर्खरै सम्पन्न भएको छ । म पनि केही समयमा कतार फर्किदैछु । गौतमबुद्ध र पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडानको बारेमा सकेसम्म छिटो काम थाल्नेछौँ । त्यसका लागि नेपाल आएको कतारी प्रतिनिधिसँग हामी चाँडै नै बैठक बस्नेछौँ । उच्चस्तरीय कार्यदल बनाउनका लागि मेरो प्रयत्न बलियो हुनेछ । तर यसमा मेरो प्रयत्न पर्याप्त समेत नहुन सक्छ । राजा अमिर स्वयंम्ले बोल्नुभएका कारण पनि यसले विशेष महत्व राख्छ । उक्त कार्यदलले कृषि, पर्यटन र ऊर्जाको क्षेत्रमा हाम्रो अपेक्षाअनुसार लगानी भित्राउनेमा विश्वस्त छु । नेपाल र कतारबीच लगानी सुरक्षासम्बन्धी सम्झौता भएको छैन । निजी क्षेत्रका लगानीकर्ताले आफ्नो लगानीको नाफा लैजान चाहन्छन् । त्यसका लागि पनि हामी गम्भीर रुपमा छलफल गर्छौं । भर्खरै कतारी राजाको भ्रमण सकिएको छ । अब नेपालबाट पनि कतारमा उच्चस्तरीय भ्रमणको निरन्तरताका लागि प्रयत्न गरिरहन्छौँ । यसलाई टुङ्गोमा पु¥याएरै छाड्छौँ ।

**नेपालले कतारसँगको श्रम सम्झौता पुनरावलोकन होस् भन्ने चाहेको थियो । तर यो विषय टुङ्गोमा पुग्न नसक्नुको कारण के होला ?**

नेपाल र कतारबीच श्रम सम्झौता भएको १८ वर्षसम्म पुनरावलोकन भएको छैन । हाम्रो पनि जोड उक्त सम्झौतालाई समयानुकूल बनाउन परिमार्जन गर्नुपर्छ भन्ने नै थियो । पछिल्लो समय उक्त विषयलाई नेपाल र कतारका तर्फबाट विश्लेषण गर्दा हामीले के भन्यौँ भने कतारले घरेलु कामदारको माग गरिरहेको अवस्थामा घरेलु कामदार लैजाने विषयलाई पनि श्रम सम्झौतामा समेटेर जानुपर्छ । अन्य क्षेत्रका श्रमिक र घरेलु श्रमिकको कामको प्रकृति धेरै अन्तर छ । घरेलु श्रमिकले झण्डै १८ घन्टा काम गर्नुपर्छ । लामो समय काम गर्दा पारिश्रमिक पनि सोही अनुसार तोकिनुपर्छ । घरेलु श्रमिकको खाने, बस्ने तथा सुरक्षाको सवाललाई घरबाहिर काम गर्ने श्रमिकसँग तुलना गर्न मिल्दैन । नेपालका तर्फबाट घरेलु कामदारका विषयलाई हतारमा नगरी दीर्घकालीन समाधान खोजेर जानुपर्छ भनेर अडान छाडेका छैनौँ । उक्त सम्झौता पुरानो भइसक्यो । अहिलेको बजार मूल्य धेरै माथि भइसक्यो । श्रमिकको आधारभूत पारिश्रमिक परिमार्जन गर्नुपर्छ भन्ने विषय नेपालले राखिराखेको छ । कतारका तर्फबाट हेर्दा त्यहाँ नेपालको मात्रै नभई अन्य मुलुकको श्रमिक पनि ठूलो संख्यामा काम गरिरहेका छन् । कतारको श्रम कानुन निकै राम्रो छ । श्रम कानुनले कुनै पनि मुलुकका श्रमिकलाई कुनै विभेद् गरेको छैन । कतारमा आठ लाख बढी भारतीय, चार लाख बङ्गलादेशी, तीन लाख ५० हजार बढी नेपाली र त्यत्तिकै संख्या फिलिपिनी श्रमिक छन् । त्यसकारण कतारले नेपालसँग गरेको सम्झौताका आधारमा कतारमा काम गर्दै आएका सबै श्रमिकलाई त्यहीअनुसार सुविधा दिनुपर्छ । त्यसकारण एउटा देशले मात्रै श्रमिकको आधारभूत पारिश्रमिक टुङ्ग्याएर नहुने भए पनि नेपालका तर्फबाट निरन्तर यस विषयलाई छलफल गरेर एउटा समझदारीमा पुग्ने गरी अहिलेलाई छलफलकै क्रममा राखिएको छ । तर हामी आशा गरौँ, श्रम सम्झौता परिमार्जन दुवै देशको आवश्यकता हो । जतिसक्दो चाँडो हामी यसलाई निष्कर्षमा पु¥याउँछौँ ।

**यसमा केही समय निर्धारण गर्न सकिन्छ कि ?**

यो छलफलकै विषय हो । कतारलाई घरेलु कामदार चाहिएको छ । घरेलु कामदारका माग उच्च भएका कारणले चाँडो लैजाने भन्ने छ । किनकी नेपालीहरु इमान्दार छन् । नेपाली श्रमिकमा काममा जतिसुकै कठिनाइ भए पनि ‘मुस्कान’ सहितको सेवा दिन सक्ने क्षमता छ । नेपाली श्रमिकमा थकाइको महसुस छैन । त्यसैले कतारले नेपाली नागरिकलाई चाहेको छ । कतारको आवश्यकता भएको र बेरोजगार नेपाली युवाले रोजगारी पाउने भएकाले मिति नै किटान गरेर यति समयभित्र हुन्छ त भन्न सकिँदैन । यद्यपि, छिटो गर्नका लागि हामी दुवै पक्ष प्रयत्नरत रहनेछौँ ।

**घरेलु महिला श्रमिकको सुरक्षाको सुनिश्चितता नभएको भन्दै संसदीय समितिको निर्देशनमा सरकारले घरेलु कामदार पठाउन प्रतिबन्ध लगाएको छ । श्रम सम्झौतामा घरेलु काममा जाने महिला श्रमिकको सुरक्षाको प्रत्याभूति कसरी गर्न सकिन्छ ?**

अवैधानिक बाटोबाट गएका बाहेक, अहिलेसम्म वैधानिक रुपमा त्यहाँ घरेलु श्रमिक महिला हुनुहुन्न । वैधानिक हिसाबले नयाँ बाटो अवलम्बन गर्दैछौँ । त्यसका लागि मैले दुई जना पूर्व श्रममन्त्रीसँग पनि छलफल गरेको छु । वर्तमान श्रम मन्त्रीसँग पनि यस विषयमा छलफल गरिरहेका छौँ । मेरो प्रस्ताव के हो भने कुनै पनि महिला कामदारलाई लगियो भने उहाँलाई मोबाइल फोन उपलब्ध गराउने प्रावधान राख्नुपर्छ । मोबाइल फोनमा एउटा ‘एप्स’को सहायताले सामान्य पढलेख गरेका व्यक्तिले समेत ‘हो’ र ‘होइन’ को उत्तर दिन सक्ने गरी उक्त व्यक्तिको अवस्थाबारे जानकारी लिने संयन्त्रको प्रयोग गर्न सकिन्छ । उक्त एप्सबाट उक्त व्यक्तिलाई सोधिएने प्रश्नमा मासिक रुपमा पारिश्रमिक पाएको छ, छैन ? कुनै किसिमको मानसिक तनाव दिइएको छ वा छैन ? भन्ने प्रश्नहरुसहितको रिपोर्ट दूतावास र कतार सरकारको निश्चित निकाय सन्देश जाने व्यवस्था गर्न सकिन्छ । यदि दुवैतर्फ सन्देशमा कुनै पनि समस्या देखिएमा दुवै सरकारबीचको प्रतिनिधिले समाधान गर्ने बाटोमा जानुपर्छ भनेर निरन्तर पहल गरिरहेको छु ।

पारिश्रमिकको कुरा अत्यन्त महत्वपूर्ण छ । अहिले सरकारले तल्लो तहमा काम गर्ने श्रमिकको न्यूनतम् पारिश्रमिक मासिक एक हजार रियाल तोकेको छ । तीन सय रुपैयाँ खानाको पर्न आउँछ, पाँच सय रुपैयाँ आवासका लागि छ । आवासीय हिसाबले रोजगारदाता आफैँले व्यवस्था गर्दै आएका छन । पाँच सय रुपैयाँमा आवास पाइँदैन त्यहाँ न्यूनतम् पनि आवासका लागि पाँच हजार पर्न आउँछ, महँङ्गो पर्न आउँछ । यही हिसाबले घरेलु श्रमिकलाई एक हजार हिसाबले पारिश्रमिक दिएर काम गराउनु हुँदैन । कम्तिमा पनि दुई हजार हुनुपर्छ भन्दै आएका छौँ । हाम्रो नागरिकले दुःख नपाउन भनेरै हामी यसमा गम्भीर छौँ ।

**दक्षिण कोरिया र इजरायलमा जाने नेपाली श्रमिकले अन्य मुलुकका तुलनामा धेरै पारिश्रमिक पाउने गरेका छन् । कतारमा रहेका नेपाली श्रमिकको पारिश्रमिक बजार मूल्यअनुसार परिमार्जन हुन नसक्नु कमजोरी होइन र ?**

यो मेरो एकल प्रयत्नले सम्भव हुने कुरा हैन । अन्य देशका श्रमिकले पनि कतारमा समान पारिश्रमिकमा काम गरिरहनुभएको छ । अन्तर्राष्ट्रिय श्रम सङ्गठनले पटकपटक बैठक राख्ने गरेको छ । त्यसमा हामी विभिन्न देशका प्रतिनिधिहरुले बजार मूल्यअनुसार पारिश्रमिक वृद्धिका लागि एक स्वरमा आवाज उठाउँदै आएका छौँ । अन्तरराष्ट्रिय श्रम बजारअनुसार पारिश्रमिक कायम गर्नुपर्नेमा जोड दिंदै आएका छौँ । मलाई खड्किएको अर्को विषय भनेको श्रमिकको मृत्यु पनि हो । वर्षेनी एक डेढ सय श्रमिकको मृत्यु भइरहेको हुन्छ । अधिकांश नेपाली श्रमिक कोठामा बसिरहेको समयमा वा अन्य कुनै ठाउँ अथवा कार्यालय÷कामको समय बाहिर मृत्यु भएको देखिन्छ । त्यहाँ २४ घन्टे बीमाको व्यवस्था छैन । हामी श्रमिकको २४ सै घण्टा जीवन बीमाका लागिपरेका छौँ ।

**कतारका अमिरको भ्रमणका क्रममा दुबै देशका समाचार समिति रासस र क्युएनएबीच समाचार आदानप्रदान गर्ने सहमति भएको थियो । यसलाई कसरी हेर्नुहुन्छ ?**

राष्ट्रिय समाचार समिति (रासस) र कतार न्यूज एजेन्सी (क्युएनए)बीच समाचार सामग्री आदानप्रदान गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ । दुबै देशका लागि यो अत्यन्त महत्वपूर्ण कुरा हो । यसले दुई देशको सम्बन्धलाई जनस्तरमा दरिलो बनाउँछ । राससले उत्पादन गरेका समाचार क्युएनएमार्फत कतारका सञ्चारमाध्यमले र क्युएनएले उत्पादन गरेका समाचार राससमार्फत विभिन्न सञ्चारमाध्यमलाई प्रयोग गर्न सहज भई दुबै देशका जनता लाभान्वित हुनेछन् । यसले एकअर्काबीच सूचना आदानप्रदान हुने वातावरण बन्छ । अब कार्यान्वयन महत्वपूर्ण कुरा हो । अब हामी यसमा जुट्नुपर्छ । यसका लागि आवश्यक सहजीकरण गर्न म तयार छु ।

**अमिरको भ्रमणका अवसरमा नेपालले दुई वटा हात्ती उपहार दिने विषय चर्चामा थियो । तर यो विषयले छलफलमा प्रवेश पाएन नि ?**

कतारका तर्फबाट सन् २०१७, २०१८ र २०२१ मा तीन पटक चिडियाघरमा राख्नका लागि हात्तीको अनुरोध भएको रहेछ । म राजदूतका रुपमा गइसकेपछि यससम्बन्धी कागजात हेरेर उक्त विषयलाई पुनः अगाडि बढायौँ । कतारका अमिर नेपाल आएको सन्दर्भमा हात्ती उपहार दिने बारेमा मैले राष्ट्रपति, प्रधानमन्त्री र वन तथा वातावरणमन्त्रीसँग पनि कुरा राखेको थिएँ । कतारका अमिरको भ्रमण हुँदा हात्ती उपहार दिने भन्ने उच्चस्तरमा कुराकानी भएपछि हामी त्यो प्रक्रियामा लाग्यौँ । हात्तीको जीवन्तताका लागि पशु चिकित्सकसहित वन मन्त्रालयको टोली नै कतार गएर वासस्थानको अवलोकन गरेको थियो । उहाँहरुले केही सुझाव पनि कतारी पक्षलाई दिनुभयो । कतारका तर्फबाट पनि त्यहाँको चिडियाघरको निर्देशकसहितको टोली आएर यहाँ अध्ययन ग¥यो । त्यसपछि नेपालका तर्फबाट उपहारका रुपमा दुई हात्ती दिने समझदारी थियो । अहिले पनि नेपालले हात्ती नदिने भन्ने होइन तर अन्तर्राष्ट्रिय नियम कानुनको सबैले पालना गर्नुपर्ने भइएको हुनाले प्रक्रियागत हिसाबबाट बाँकी रह्यो । प्रक्रिया नटुङ्गिँदै पठाउँदा अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन हुन्थ्यो । अब अन्तर्राष्ट्रिय कानुनको पालना गरेर कतारलाई हात्ती उपहार दिँदा खासै फरक नपर्ने हुँदा अहिलेलाई यो ‘पेन्डिङ’ छ । प्रक्रिया पूरा भएपछि नेपाल सरकारले एक जोडी हात्ती उपहारस्वरुप कतारलाई हस्तान्तरण गर्छ ।


## कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८१/०१/१४ गते)

यस बैंकको तपशिलको ऋणी संस्थाले राजविराज शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी सस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ । सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्धारा जानकारी गराईन्छ । साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोबाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ ।

**ऋणी संस्थाको नाम : श्री शुभनारायण बचत तथा ऋण सहकारी संस्था लि. ।**
**रजिष्टर्ड ठेगाना : मलेकपुर -६, सप्तरी । हालको ठेगाना विष्णुपुर गा.पा., सप्तरी । दर्ता नं: २५४/०६९/०७०**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम : सुरेन्द्र प्रसाद यादव (अध्यक्ष जमानीकर्ता)**
बाबु : शुभनारायण यादव
बाजे : जानकी यादव
ना प्र नं. : ५९२४२८३६, सप्तरी
ठेगाना : मलेकपुर- ६, सप्तरी

**२) नाम : बद्री यादव (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : मुंगालाल यादव
पति : बाबुलाल यादव
ना.प्र.नं : ५९२४१४५५, सप्तरी
ठेगाना : मलेकपुर २, सप्तरी

**३) नाम : सन्तोष कुमार यादव (सचिव जमानीकर्ता)**
बाबु : रमानन्द यादव
बाजे : विधानन्द यादव
ना.प्र.नं : १६१०६५/८९, सप्तरी
ठेगाना : सिम्राहा सिंग्यौन ९, सप्तरी

**४) नाम : सुषमा कुमारी शर्मा (कोषाध्यक्ष जमानीकर्ता)**
बाबु : बिसन सुतिहार
बाजे : छोटकैन शर्मा
पति शिवराम शर्मा
ना.प्र.नं : ६८३०, सप्तरी
ठेगाना : मलेकपुर ५, सप्तरी

**५) नाम : श्रीमती चनर देवी यादव (संचालक)**
बाबु : सिताराम यादव
पति : राजेश्वर यादव
ना.प्र.नं : ४००२४१५९, सप्तरी
ठेगाना : नर्घो ९, सप्तरी

**६) नाम : राजेश कुमार यादव (संचालक जमानीकर्ता)**
बाबु : राजेन्द्र प्रसाद यादव
बाजे : शुभनारायण यादव
ना.प्र.नं : १६३०५७/२२२, सप्तरी
ठेगाना : मलेकपुर ६, सप्तरी

**७) नाम : हरे कृष्ण साहु (संचालक जमानीकर्ता)**
बाबु : अधिकलाल साहु , बाजे : शुभलाल साह
ना.प्र.न : ५९२४०६११, सप्तरी, ठेगाना : मलेकपुर ९, सप्तरी

**धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण :**
१. जानकी यादवको बुहारी शुभनारायण यादवको श्रीमती सप्तरी जिल्ला मलेकपुर गा.वि.स. वडा नं. ६ बस्ने लडु देवी यादवको नाममा मालपोत कार्यालय राजबिराज सप्तरीमा दर्ता श्रेस्ता कायम रहेको सप्तरी जिल्ला मलेकपुर गा.वि.स. वडा नं. ६ को कित्ता नं. ४१३ को क्षेत्रफल ०-६-१-० जग्गा सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालय: पुल्चोक, ललितपुर, फोन: ०१-५१८०१८२, Web: www.ncbl.coop

# ९ महिनामा सवारी दुर्घटनामा ३९ जनाले ज्यान गुमाए




**मधेशदृष्टि**
**वीरगंज, १३ बैशाख ।**
पर्सामा ९ महिनाको अवधिमा सवारी दुर्घटनामा परी ३९ जनाले ज्यान गुमाएका छन् । चालु आर्थिक बर्ष २०८०/०८१ को साउनदेखि गत चैत महिनासम्म ९ महिनाको अवधिमा जिल्लाका विभिन्नस्थानमा भएका ५ सय २९ वटा सवारी दुर्घटनामा ३९ जनाको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साले जनाएको छ ।

यो अवधिमा सबै भन्दा बढी ३ सय ७४ वटा मोटरसाइकल दुर्घटना भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय पर्साका प्रमुख ट्राफिक प्रहरी निरीक्षक भाष्कर खतिवडाले जानकारी दिए ।

यस्तै ९ महिनामा भएका सवारी दुर्घटनामा ५२६ जना घाइतेपनि भएका छन् । तीमध्ये गम्भीर घाइते ६५ जना र सामान्य घाइते ४६१ जना रहेको तथ्यांक छ । यस्तै ९ महिनाको अवधिमा ट्राफिक नियम उल्लंघन गरेका सवारी साधनलाई गरिएको कारबाहीबाट १ करोड ८७ लाख रुपैयाँभन्दा बढी राजश्व संकलन भएको खतिवडाले बताए ।

उनका अनुसार, ९ महिनाको अवधिमा ट्राफिक नियम उल्लंघन गरेका १८ हजार ४ सय ८२ सवारी साधन कारबाहीमा परेको र जरिबाना बापत १ करोड ८७ लाख ७९ हजार ७ सय ५६ रुपैयाँ राजश्व संकलन भएको ट्राफिक प्रहरी निरीक्षक खतिवडाले जानकारी दिए । कारबाहीमा पर्ने सवारीसाधन मध्ये सबैभन्दा बढी ८ हजार ३ सय २० वटा मोटरसाइकल रहेको छ ।

# मोटरसाइकल एक आपसमा ठोकिदा एक जनाको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा बिहीबार बिहान मोटरसाइकल एक आपसमा ठोकिदा १ जनाको मृत्यु भएको छ । दुर्घटनामा तीन जना घाइते भएका छन् । महानगरपालिकाको भन्सार स्रिसियाबाट आइरहेको ना १८ प ९८१६ नम्बरको मोटरसाइकल र विपरीत दिशाबाट जाँदै गरेको ना ३१ प ३८३५ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिदा एक जनाको मृत्यु भएको हो भने तीन जना घाइते भएका छन् । पर्सा प्रहरीका अनुसार ना ३१ प ३८३५ नम्बरको मोटरसाइकलमा सवार अर्जुन पटेलको मृत्यु भएको हो । घाइते पटेलको थपको उपचारको क्रममा मृत्यु भएको पर्सा प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए । घाइते हुनेहरुमा कन्हैया चतुर्वेदी, आकाश पटेल र मदन पटेल रहेका छन् । घाइते तीनै जना खत्तरामुक्त रहेको प्रहरीले जनाएको छ । दुर्घटना भएको मोटरसाइकल प्रहरी नियन्त्रणमा रहेको छ । बढी स्पीडमा मोरटसाइकल चलाइएकोले दुर्घटना भएको डिएसपी थापा बताउँछन् ।

# ३३ फरार अभियुक्त पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले ३३ जना फरार अभियुक्तलाई पक्राउ गरेको छ । गत चैत २५ गतेदेखि बिहिबार १३ गतेसम्म जिल्लाको विभिन्न स्थानबाट फरार अभियुक्तलाई पक्राउ गरिएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् ।

जिल्ला अदालत गौरबाट फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय रोकिएर फरार रहेका प्रतिवादीलाई पक्राउ गरी कारबाहीको लागि पक्राउ गरी अदालतमा हाजिर गराईएको प्रवक्ता गिरीले जानकारी दिइन् । पक्राउ पर्नेमा कर्तब्य ज्यान, जान मार्ने उद्योग, सवारी ज्यान लगायतको अभियुक्त रहेको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।

# आठ लाख बढीलाई हात्तीपाइलेविरुद्धको औषधि खुवाइने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लामा आठ लाख भन्दा बढिलाई हात्तीपाइने विरुद्धको औषधि खुवाइने भएको छ । स्वास्थ्य कार्यालय धनुषाले आयोजना गरेको हात्तीपाइले रोग विरुद्धको औषधि सेवन अभियानको जिल्ला स्तरिय पत्रकारहरुसंगको अन्र्तक्रिया कार्यक्रममा जानकारी दिइएको छ । धनुषा जिल्लामा ८ लाख ६४ हजार औषधि खुवाइने लक्ष्य राखिएको कार्यालयका शिवजी दासले जानकारी दिए । कार्यालयले गत वर्ष सम्म औषधि सेवन अभियान संचालन गरेको थियो । जसमा ग्रामीण जनसंख्याको भन्दा सहरी जनसंख्यामा औषधि नखाने दर ३६ प्रतिशतले कम देखिएको छ । त्यसैगरि महिलाको तुलनामा पुररुषमा औषधि नखाने दर ३६ ले कम देखिएको छ । त्यसैगरि पुरुषको तुलनामा महिलामा कहिलेपनि औषधि नखाने दर ५० प्रतिशत देखिएको छ । धनुषा जिल्लामा गरिएको सवेक्षण अनुसार १३सय ५० जनामा सो रोगको लागेको पाइपछि धनुषा सहित तराईको चार जिल्लामा अभियान अन्र्तगत फेरि औषधि सेवन गराइएको छ । जसमा जनकपुरधाम उपमहानगरपालिकामा सबै भन्दा बढि विरामी रहेको पाइएको छ । जनकपुरधाम उपमहानगर पालिकामा २ सय २ जना, धनौजी गाउँपालिकामा ९ जना, शहिदनगर नगरपालिकामा ११६ जना, मुखियापट्टि गाउँपालिकामा १४ जना, मिथिला विहारीमा ३६, लक्ष्मीनिया गाउँपालिकाम ३९ जना, नगराईन नगरपालिकामा १९५ जना, कमला नगरपालिकामा ३४ जना, हंसपुर नगरपालिकामा १०९ जना, विदेह नगरपालिकामा ५३ जना, जनकनन्दनी गाउँपालिकामा ६९ जना, औरही गाउँपालिकामा ५५ जना बिरामी फला परेको स्वास्थ्य कार्यालयले जानकारी दिएको छ । १६ गतेदेखि ३० गते सम्म औषधि सेवन अभियान संचालन गरिने छ । गर्भवती, सात दिनसम्मका सुत्केरी, गम्भीर किसिमका बिमारीलगायतले भने यो औषधि सेवन गर्न नहुने दासको भनाइ छ । हात्तीपाइले रोगबाट बच्न अन्य सबैले अनिवार्य रुपमा औषधि सेवन गर्नुपर्ने उनको भनाइ छ । औषधि सेवनका क्रममा जिल्लामा अहिलेसम्म कुनै किसिमको गम्भीर समस्या नदेखिएकाले निर्धक्क भएर अभियानमा सहभागी भई औषधि सेवन गर्न सबैमा स्वास्थ्य कार्यलय सर्लाहीले आग्रह गरेको छ ।

# अवैध रक्सी र मोटरसाइकलसहित भारतीय पक्राउ

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको सदरमुकाम गौर स्थित अवैध मदिरा मोटरसाईकल सहित एकजना भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । अस्थाई प्रहरी पोष्ट महादेवपट्टीबाट खटिएको टोलीले गौर २ स्थित सडक खण्डमा चेकजाँच गर्ने क्रममा भारत बिहार बैरगनियाका बर्ष २० को निरजकुमार चौहानलाई पक्राउ जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताएकी छन् । उनले चलाएको बिआर ०६जेड ३२२२नम्बरको मोटरसाईकल चेकजाँच गर्दा सिटभित्र र तेल ट्याङ्किको मुनि लुकाई छिपाई राखेको २५० एमएलको ५२ बोतल सोफि रक्सि बरामद भएको थियो । बरामद मदिरा मोटरसाईकल सहित चौहानलाई आवश्यक कारवाहीको लागि आन्तरिक राजस्व कार्यालय रौतहट गौरमा दाखिला गरिएको जिल्ला प्रहरी प्रवक्ता गिरीले जानकारी दिइन् ।

# जातीय विभेदविरुद्ध उजुरी

**मधेशदृष्टि**
**सर्लाही ।**
कौडेना गाउँपालिका–७ सक्रौलका ३७ वर्षीय रामविश्वास महरा चमारमाथि जातिय विभेद गरेको आरोपमा सोही वडाका ४८ वर्षीय सुर्यकान्त यादवविरुद्ध उजुरी परेको छ ।

पीडित पक्षले जिल्ला प्रहरी कार्यलय मलंगवामा गत वैशाख १० गते यादवविरुद्ध उजुरी दिएको हो । आरोपितले ०८० चैत २९ गते पीडितमाथि जातीय विभेद तथा छुवाछुत र कुटपिट समेत गरेको भन्दै जिल्ला प्रहरी कार्यालय मलंगवामा उजुरी दिएको पीडित पक्षले बताएका छन् ।

कौडेना गाउँपालिका–८ स्थित सक्रौल गाउँदेखि उत्तर तर्फ रहेको नदीमा पीडितले आफ्नो भैसीलाई पानी खुवाइरहेको बेला आरोपितले ‘तँ पानीबाट भैसीलाई लिएर बाहिर आइज, तँ चमार, तँ दलित’ भनी जातीय विभेद तथा छुवाछुत जस्तो अमानवीय व्यवहार गर्नुको साथै कुटपिट समेत गरेको पीडितको आरोप रहेको छ । तर, आरोपितका दाजु ५२ वर्षीय रमेश यादवले आरोपितले पीडितलाई ‘म नुहाइ सकेपछि तिमी भैसीलाई पानी खुवाउनु’ मात्र भनेको र कुटपिट पनि नगरेको दाबी गरे । पीडितको घाउ जाँच सर्लाही जिल्ला अस्पताल मलंगवामा वैशाख ११ गते भएको डा. नवलकिशोर झाले जानकारी दिए ।

# माओवादीको सप्तरी अध्यक्षमा रजक



**मधेशदृष्टि**
**सप्तरी ।**
नेकपा माओवादी केन्द्र सप्तरीको बिहीवार विस्तारित बैठकबाट छेदी रजकको अध्यक्षतामा जिल्ला कमिटी गठन भएको छ । सो कमिटीमा भागवत यादव उपाध्यक्ष बेचन चौधरी सचिव चयन भएका हुन् । त्यसैगरी संसदीय क्षेत्र नं. १ को इन्चार्जमा बेचन चौधरी, २ को इन्चार्ज भागवत यादव, सह इन्चार्जद्वय कलाम उदीन खाँ, प्रमोद यादव, ३ को इन्चार्ज शुकदेव साह र ४ को इन्चार्ज चतुर चौधरी, सह इन्चार्ज सुरेन्द्र यादव चयन भएका छन् ।

यस्तै प्रदेश क्षेत्र १(क) का संयोजक रविन्द्र चौधरी, सह संयोजक ज्ञानेन्द्र घिमिरे १ (ख)का संयोजक कपलेश्वर सरदार, सह संयोजक राजु यादव र साविर खाँ क्षेत्र न. २ (क) का संयोजक विनोद यादव, सह संयोजक खगेन्द्र मण्डल क्षेत्र न ३ (क) का संयोजक देवलाल माली, सह संयोजक बलराम यादव र ताज महमद क्षेत्र ३ (ख) का संयोजक कर्मलाल यादव, सह संयोजक अशोक चौधरी र रोहित यादव, क्षेत्र नं. ४ (क) का संयोजक देव कुमार राम, सह संयोजक लक्ष्मी चौधरी, क्षेत्र ४ (ख) का संयोजक राम प्रसाद राम, सह संयोजक त्रय सूर्यनाथ यादव, पशुपति यादव, शिवनन्दन शर्मालाई जिम्मेवारी दिइएको जिल्ला अध्यक्ष रजकले जानकारी दिए ।

पार्टीका नेता ,कार्यकर्ता, जेल नेल जीवन खेपेका ,सहिद परिवार र बेपत्ताका परिवारको साथै जनयुद्ध कालिन नेता, कार्यकर्ता लगायतको सहभागिता रहेको थियो । सो बैठक नेकपा माओवादीका केन्द्रिय सदस्य उमेश कुमार यादवको अध्यक्षता तथा वैकल्पिक केन्द्रिय सदस्य असर्फी सदाको सञ्चालनमा तथा पूर्व प्रदेश सदस्य छेदी रजकको स्वागत मन्तव्यमा कार्यक्रम सम्पन्न भएको थियो ।

# वन मुद्दामा फारार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**सिरहा ।**
वन मुद्दामा ३ महिना कैद र ६५ हजार १ सय ७० रुपैयाँ जरिवाना तोकिएको कर्जन्हा नगरपालिका ३ बस्ने ४० वर्षीय रामबृक्ष महतो भन्ने ईन्द्रजित महतोलाई सिरहा प्रहरीले पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय बन्दीपुरबाट खटिएको प्रहरी टोलीले बुधबार साँझ साढे ६ बजे फरार प्रतिवादी महतोलाई उनकै गाउँघरबाट नियन्त्रणमा लिई आवश्यक कारवाहीको लागि इलाका प्रहरी कार्यालय मिर्चैयामा पठाईएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ । यसैगरी बुधबार साँझ साढे ६ बजे लहान नगरपालिका ९ राम मन्दिर चोक स्थित प्रहरी चौकी लहानबाट खटिएको प्रहरी गस्ति टोलिले राम मन्दिरदेखि खुट्टि खोला तर्फ पैदल आईरहेको लहान नगरपालिका १० ग्रामिण चोक बस्ने २० वर्षीय पवन यादबलाई शंका लागि चेकजाँच गर्दा उनको साथबाट सिरिन्ज थान ३, बुप्रेनोफिन २ एम्पुल, हाइड्रोक्लोराइड २ एम्पुल, डाइजोपाम २ एम्पुल र धारिलो चक्कु १ थान फेला परेको छ । यादवलाई लागुऔषधसहित नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय लहानमा ल्याईएको र उनीबारे थप अनुसन्धान कार्य भईरहेको सिरहा प्रहरीले जनाएको छ ।

# करेन्ट लागेर युवकको मृत्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको सिम्रौनगढमा करेन्ट लागेर एक युवकको मृत्यु भएको छ ।

खेतमा सिंचाईका लागि विद्युतीय मोटरको तार जोड्ने क्रममा करेन्ट लागेर सिम्रौनगढ नगरपालिका वडा नम्बर १० देवापुर टेटा निवासी २५ बर्षिय काशीराज यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । गएराति चैते धान रोपेको खेतमा सिंचाइ गर्नका लागि विद्युतीय मोटरको तार जोड्ने क्रममा अचानक करेन्ट लागेर गम्भिर घाइते भएका यादवको उपचारका लागि कलैया लैजाने क्रममा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए । यादवको शव पोष्टमार्टमपछि आफन्तलाई जिम्मा लगाईएको बारा प्रहरीले जनाएको छ ।

# तस्करीका कपडासहित गाडी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**



पर्सा प्रहरीले वीरगंजबाट तस्करीको आशंकामा ४० लाखभन्दा बढी मूल्यको कपडासहित एउटा ट्र्याक्टर र पिकअप गाडी नियन्त्रणमा लिएको छ । वीरगंज भन्सारको एकीकृत भन्सार जाँच चौकी (आईसिपी) बाट भन्सार जाँचपास भएर निस्किएका बीआर ०५ जिए ९०४२ नम्बरको पिकअप गाडी र बीआर २२ क्यू ७७२७ नम्बरको ट्र्याक्टर प्रहरीले वीरगन्ज–२५ अलौंमा रोकेर चेकजाँच गरेको थियो । त्यसक्रममा ती दुवै गाडीमा लोड



रहेको कपडा भन्सार प्रज्ञापनपत्र र बीलबिजक भन्दा बढी परिमाणको भेटिएपछि प्रहरीले नियन्त्रणमा लिएको पर्साका प्रहरी प्रवक्ता डिसपी कुमार विक्रम थापाले जानकारी दिए ।

ती दुवै गाडीबाट गरी ४० लाख ३६ हजार २०१ रुपैयाँ मूल्यका विभिन्न किसिमका कपडा बरामद गरिएको उनले जनाए । बरामद कपडासहित दुवै गाडी आवश्यक कारबाहीका लागि बिहीबार राजश्व अनुसन्धान कार्यालय पथलैया बारामा बुझाइएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन